जनताको हित सर्वोपरि : माधव नेपाल | पृष्ठ ५ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक ३०५ • २०८० साल चैत्र २१ गते बुधबार (3 April, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

मधेशमा जसपा नै, प्रमुख सचिव छैन्

टुडे समाचारदाता

जनकपुरधाम ।सत्ता गठबन्धन दलहरुबीच मधेश प्रदेशमा जनता समाजवादी पाटी(जसपा)ले सरकारको नेतृत्व गर्ने सहमति भइसकेपनि कामकाज अगाडी बढन सकेको छैन् ।

सत्ता गठबन्धन दलले मुख्यमन्त्रीको विषयमा निर्णय लिन ढिला भएको कारण अलमलमा रहेको प्रदेश सरकारका प्रमुख सचिव भने रमाना लिएर विदा भएका छन् ।

> सत्ता गठबन्धन दलले मुख्यमन्त्रीको विषयमा निर्णय लिन ढिला भएको कारण अलमलमा रहेको प्रदेश सरकारका प्रमुख सचिव भने रमाना लिएर विदा भएका छन् ।

प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिने तयारी गरिरहेको बेला मंगलवार प्रमुख सचिव दिनेश घिमिरेको विदाई गरिएको छ ।अर्का प्रदेश सचिवको टुंगो लागिसकेको छैन् ।

मधेश प्रदेशका मुख्यमन्त्रीले चौथो पटक विश्वासको मत लिने भएका छन् ।संघीय सत्ता गठबन्धनमा भएको परिवर्तनले मधेश प्रदेश सरकारमा कांग्रेसलाई हटाइसकिएको छ ।नयाँ साझेदार एमालेबाट १ जना राज्यमन्त्री सहित ५ जना मन्त्री नियुक्त भइसकेका छन् ।

कांग्रेसले समर्थन फिर्ता लिएको कारण सरकारलाई विश्वासको मत लिनुपर्ने भएको छ ।मुख्यमन्त्री यादवसित सम्मानजनक बहुमत संख्या रहेको छ ।विश्वासको मत दिन गठबन्धनका शीर्ष नेताहरुले निर्देशनपनि दिइसकेका छन् ।

सरकारले विश्वासको मत प्राप्त गर्नेमा कुनै संदेह रहेको छैन् ।तरपनि कर्मचारीहरु लयमा आइसकेका छैनन् ।

मधेश प्रदेशमा प्रमुख सचिव र सचिवहरुको कारण कामकाज समयमा अगाडी बढन नसकेको गुनासो मुख्यमन्त्री र मन्त्रीहरुले गर्दै आएका छन्।

प्रदेशको योजनाहरुको कार्य सम्पादन गर्ने महत्वपूर्ण समयमा प्रमुख सचिव नहुँदा सरकारलाई कतिपय महत्वपूर्ण निर्णय लिन समस्या आउने बताइन्छ ।कतिपय मन्त्रालयमा पनि सचिवको अभाव रहेको छ।

नाउपा विवादमा प्रधानमन्त्रीको चासो

संरक्षक चौधरी र अध्यक्ष श्रेष्ठबीच 'इगो प्रोब्लम'

टुडे समाचारदाता

काठमाण्डु । सुदूरपश्चिम सरकार गठनमा निर्णायक भूमिकामा रहेको नागरिक उन्मुक्ति पार्टी(नाउपा)को विवादमा प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' ले चासो देखाएका छन् ।

नाउपाका संस्थापक रहेका रेशम चौधरी र अध्यक्ष रहेकी रञ्जिता श्रेष्ठबीचको विवादलाई मिलाउन प्रधानमन्त्री प्रचण्डले मंगलबार दुवैजनासित छलफल गरेका छन् ।

प्रधानमन्त्रीसँगको भेटपछि बालुवाटारमा सञ्चारकर्मीहरुसित कुरा गर्दै संस्थापक चौधरीले आफू महाधिवेशनबाट पार्टीको निर्वाचित अध्यक्ष रहेको बताए । 'पार्टीको अध्यक्ष महाधिवेशनबाट म निर्वाचित भएको छु' उनले भने, रञ्जिता निवर्तमान अध्यक्ष हुन् ।

प्रधानमन्त्री प्रचण्डले प्रारम्भमा छुट्टाछुट्टै भेटे पनि दुवै जनालाई सँगै राखेर पनि छलफल गराएको बताइएको छ । तर नाउपाकी अध्यक्ष श्रेष्ठले आफूलाई प्रधानमन्त्रीले चिया खान बोलाएको बताइन् । 'प्रधानमन्त्रीज्यूले चिया खान बोलाउनु भएको थियो' उनले भनिन्, राजनीतिक विषयमा कुनै छलफल भएन, टिकापुरलाई स्मार्ट सिटी बनाउने विषयमा मात्र छलफल भएको हो ।

पार्टीमा प्रभावशाली ठानिएका रेशम चौधरी सुदूरपश्चिम प्रदेशमा कांग्रेस नेतृत्वको प्रदेश सरकारलाई सहयोग गर्ने पक्षमा छन् । उनको प्रयासले नै नाउपाका ५ जना हाल प्रदेश सरकारमा मन्त्री छन् । तर २ जना अध्यक्ष रञ्जिताको पक्षमा रहेका छन् ।

अध्यक्ष श्रेष्ठले सङ्घमा जस्तै प्रदेशहरूमा पनि माओवादी र एमाले सहितको गठबन्धनमा सहभागी हुनुपर्ने पक्षमा छिन् । 'संघीय सरकारमा एउटा गठबन्धन र प्रदेशमा अर्को गठबन्धन गर्न नैतिकताले पनि दिँदैन' उनले भनिन्, प्रदेश र केन्द्रमा एउटै गठबन्धनमा रहनु पर्छ ।

'कांग्रेस नेतृत्वका मुख्यमन्त्रीलाई प्रदेशमा साथ दिन नैतिकताले दिँदैन' उनले भनिन्, हामी सङ्घमा जुन गठबन्धनमा छौं, सुदूरपश्चिममा पनि त्यही गठबन्धनमा जान्छौं । दुई प्रमुख नेताहरूबीचको विवाद उग्ररूप लिएको छ । दुई पक्षबीचको हातपातमा संलग्न नेताहरूलाई आफूले कारबाही गरेको अध्यक्ष श्रेष्ठले बताएकी छन् ।

यद्यपि अध्यक्ष श्रेष्ठ पार्टीमा विवाद नरहेको दाबी गर्छिन् । उनले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ताबारे देखिएको मतभेदलाई पार्टीमा देखिएको 'दुबिधा' रहेको बताइन् ।

'सुदूर पश्चिमका साथीहरूको भावना विपरीत जानु हुँदैन भन्ने मेरो पक्ष हो ' उनले भनिन्, साथीहरूको भावना विपरीत संयोजकले अल्पमतमा परेको सरकारसँग मिलेर जानुपर्छ भन्ने कुरामा साथीहरू र संरक्षकज्यूको विमतिको कारण पार्टीमा विवाद आएको हो ।

तर अध्यक्ष रहेको दावीगर्दै आएका चौधरीले आफ्नो दल शक्ति सन्तुलनका पक्षमा रहेको बताउँछन् ।'सुदूर पश्चिम प्रदेशको सरकारबारे निर्णय गर्ने अधिकार त्यही प्रदेशका सांसदहरूलाई दिनुपर्छ' उनले भने, प्रदेशका सांसदहरू कुनै भेडा बाख्रा होइनन्। आज यता लैजा भन्यो यता उता भन्यो उता लैजाने । उहाँहरूसँग छलफल गर्छौं उहाँहरूको मत जे आउँछ, त्यै अनुसार अगाडी बढने हो ।

'पार्टीबाट बहुमतको निर्णय भइसकेको छ ' अध्यक्ष चौधरीले भने, पार्टी अध्यक्षले नभई केन्द्रीय समितिको निर्णयले पार्टी चल्छ ।

पार्टीको केन्द्रीय समितिमा आफ्नो बहुमत रहेको दाबी गरेका चौधरीले सोमवार पार्टीको विवाद सतहमा आएपछि चैत्र २२ र २३ गते केन्द्रीय समितिको बैठक आह्वान गर्दै पार्टीको निर्णय नमान्ने नेताहरूमाथि कारबाही हुने बताएका छन् ।

पार्टीमा देखिएको विवाद मिलाउने पक्षमा आफू रहेको दाबीगर्दै चौधरीले भने, पार्टीमा अनावश्यक विवाद सृजना गर्ने, बिधिविधान नमान्नेलाई कार्वाही हुन्छ । तर पार्टी अध्यक्ष श्रेष्ठले आफूले पार्टीमा राखेको अडानकै आधारमा कारबाही नहुने विश्वासमा छिन् ।

पार्टीमा विवादको कारण पारिवारिक नभएको दावी गर्ने चौधरी र श्रेष्ठले भने त्यस्तो केहि होइन् । तर पार्टीमा विवाद छताछुल्ल भइसकेको र केन्द्रिय समिति बैठकमा कुटाकुट समेत भएको हो ।पार्टी निकट स्रोतहरुका अनुसार पार्टीमा अन्य विवादको भन्दा

जवाफमा रेशम चौधरीले भने, "हैन हैन त्यस्तो केही भएको छैन। एक त नयाँ पार्टी भयो, नयाँ साथीहरूलाई पार्टीको नियम कानुन थाहा छैन प्रशिक्षण पनि दिन पाएका छैनौं। अस्तिसम्म म जेलमै थिएँ।"

चौधरीका अनुसार उनी केही दिनअघि मात्रै जापानबाट फर्कँदा श्रीमती समेत रहेकी पार्टी अध्यक्ष रञ्जीता उनलाई स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै पुगेकी थिइन्।

"आज दुई बजेतिर उहाँसँग भेट गर्ने कार्यक्रम थियो तर भेट भएन," उनले भने। रञ्जीता पनि आफूहरूबीच पारिवारिक विषयमा विवाद नरहेको दाबी गर्छिन्।

"पारिवारिक विवाद केही छैन। पार्टीगत रूपमा पनि अध्यक्ष र संरक्षकको बीचमा कुनै विवाद छैन। संरक्षक र पार्टीका साथीहरूबीचको विमतिले गर्दा विवाद निम्तिएको हो," उनले भनिन्।

उनले आफूले पार्टीका संरक्षक चौधरीलाई असहयोग नगरेको दाबी गरिन्। चौधरीले पनि पार्टीमा फुट र विभाजन नहुने दाबी गरे।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE

विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

ANJANI SUITE
Anjani Suite



डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मुख्य लक्षणहरू
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
- स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
- घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
- अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, मधेश प्रदेश

पर्यटन प्रवर्द्धनमा जोड

टुडे समाचारदाता

जलेश्वर । होटल तथा पर्यटन व्यवसायी संघ नेपालको नवनिर्वाचित मधेश प्रदेश समितिले पर्यटन प्रवर्द्धनमा जोड दिएको छ । आइतबार सम्पन्न दोस्रो मधेश प्रदेश अधिवेशनबाट निर्वाचित कार्य समितिले मधेशका पर्यटकीयस्थलको पहिचान, प्रवर्द्धन र सञ्चालनले नै समृद्धिको आधार फराकिलो बनाउने ठहर गरेको छ ।

नवनिर्वाचित प्रदेश अध्यक्ष हिरा गौतमले भने, ‘ मधेशका पर्यटकीय सम्भावनाका क्षेत्रको पहिचान गरी समुचित सम्भार एवं सञ्चालन गर्ने मुख्य कार्यभार बनाएका छौँ,” संघको दोस्रो कार्यकालका लागि प्रदेश अध्यक्ष निर्वाचित भएका अध्यक्ष गौतम भने, “यसको पहिलो आधार धार्मिकस्थल हुन् ।” पूर्व सप्तरीदेखि पश्चिम पर्सासम्मका विभिन्न धर्मपरम्परासँग जोडिएका धार्मिक आस्थाका केन्द्रलाई सुव्यवस्थित गर्न सकिए पर्यटन प्रवर्द्धनमा खास नतिजा प्राप्त हुने संघको विश्वास रहेको गौतमले बताए । अध्यक्ष गौतमले सञ्चारकर्मीसँग कुराकानी गर्दै सप्तरीका छिन्नमस्ता, कङ्कालिनी, शम्भुनाथ, सिरहाका सहलेस, महिसौथा, धनुषाका जनकपुरधाम सेरोफेरोका धार्मिकस्थल, महोत्तरीका जलेश्वर, रौजामजार, कारिखस्थान, टुटेश्वर, मङ्गलनाथ, पञ्चधुरा माईस्थान, राईमण्डल, सोनामाईस्थान र कञ्चनवन मुख्य धार्मिकस्थल रहेको उल्लेख गरे ।

त्यस्तै सर्लाहीका नाढीमन ताल, रौतहटका सहिदपार्क, बाराका गढीमाई मन्दिर र पर्साका वीरगञ्ज सेरोफेरोका कैयौँ स्थल समुचित सम्भार पर्खिरहेको उनले बताए ।

स्थानीय सरकारसँगको सहकार्य र समन्वयबाट यी स्थलको विकासको प्रारुप तयार गर्नु प्रारम्भिक काम रहेको संघले जनाएको छ । धार्मिकस्थलसँगै भूगोलको विविधता, वनजङ्गल, तालतलैया र औद्योगिक क्षेत्र पर्यटन प्रवर्द्धनका लागि पहिचान गरिनु पर्ने आवश्यकतामा जोड दिएको छ ।

पर्यटकका लागि न्यानो स्वागत, खानपान, आवास र घुमफिरको उच्चतम् प्रबन्ध होटल व्यवसायले दिनसक्नुपर्ने संघले जनाएको छ । मधेशका जिल्लामा पछिल्ला केही वर्षयता सुविधा सम्पन्न होटल थपिँदै गएसँगै सेवालाई विविधीकरण गर्न आवश्यक रहेको औंल्याइएको छ ।

> अध्यक्ष गौतमले सञ्चारकर्मीसंग कुराकानी गर्दै सप्तरीका छिन्नमस्ता, कङ्कालिनी, शम्भुनाथ, सिरहाका सहलेस, महिसौथा, धनुषाका जनकपुरधाम सेरोफेरोका धार्मिकस्थल, महोत्तरीका जलेश्वर, रौजामजार, कारिखस्थान, टुटेश्वर, मङ्गलनाथ, पञ्चधुरा माईस्थान, राईमण्डल, सोनामाईस्थान र कञ्चनवन मुख्य धार्मिकस्थल रहेको उल्लेख गरे ।

मधेश प्रदेशमा वन डढेलो बढ्दै

टुडे समाचारदाता

रौतहट । रौतहटको वन क्षेत्रमा सोमबार दिउँसो भीषण डढेलो लागेको थियो । डिभिजन वन कार्यालय अन्तर्गतको गैंडाटार सब-डिभिजनको वनमा डढेलो लागेपछि सोको नियन्त्रणका लागि दमकलको खोजीसमेत गरिएको थियो । दमकलको खोजी गर्नेक्रममा चन्द्रपुर, गौर, सर्लाहीको हरिवन, बाराको निजगढ नगरपालिकाबाट चार वटा दमकल ल्याइ आगो नियन्त्रणमा लिने प्रयास गरे पनि दिनभरी चलेको हावाका कारण आगो नियन्त्रणमा लिन धौधौ परेको थियो ।

राति बल्लतल्ल आगो नियन्त्रणमा आएको थियो । आगो नियन्त्रणमा आउञ्जेल घाटगद्दी गरेर राखेको साल, कूकाठको ५० चट्टा दाउरा जलेर नष्ट भएको जनाएको छ । बिहानदेखि चलेको हावाका कारण आगो नियन्त्रणमा आउन समस्या भएको डिभिजन वनप्रमुख शैलेन्द्र मिश्रले जानकारी दिए । विद्युत् प्रसारण लाइनमुनि पर्ने रुखहरु काटेर ४ वर्षअघि राजमार्ग छेउमा घाटगद्दी गरी राखिएको थुप्रो आगोले खरानी बनाएको छ ।

डढेलो लाग्ने र काठ दाउरा क्षति हुने यो पहिलो घटना भने होइन । रौतहटका राष्ट्रिय वनमा निरन्तर आगलगीका घटना भइरहेको छ । रौतहटको कुल २९ हजार ८ सय हेक्टर वनक्षेत्र रहेको छ । डिभिजन वन अन्तर्गत ८ वटा सब डिभिजन कार्यालय रहेको छ । गौर सब डिभिजनबाहेक ७ वटैमा वनक्षेत्र पर्छ । यी सबैमा वर्षैनि डढेलो लाग्ने र ढलापडा साथै कटानमुछान गरी राखेको करोडौंको काठदाउरा जलेर नष्ट हुने गरेको छ ।

डिभिजन वन चन्द्रनिगाहपुरका सहायक वन अधिकृत महालक्ष्मी शर्माले जनाए अनुसार डढेलो नियन्त्रणका लागि पर्याप्त बजेट अभाव भएको छ । उनले भनिन्, ‘सबैभन्दा पहिला मानिसमा चेतना नै छैन । वनमा आगो लगाउन हुन्न भन्ने थाहा हुँदाहुँदै लगाउछन्,’ उनले अघि थप्दै भनिन्,‘डढेलोले धैरै क्षति हुन्छ । समयमा नियन्त्रणको प्रभावकारी प्रयास गरिएन भने यसले दिर्घकालीन असर पर्छ ।’

वन अधिकृत शर्माले अहिले ७ वटा सवडिभिजन वनमा ७ जना अग्नी नियन्त्रक नियुक्त गरिएको छ । उनीहरुलाई प्रति महिना १५ हजारका दरले ४ महिनाको लागि नियुक्ति गरेको बताए । ढडेलो लागेको थाहा पाउना साथ सम्बन्धित निकायमा खबर गर्ने गरी राखिएका उनीहरु सूचना दिने गरेको छ ।

गत वर्ष सरकारले डढेलो नियन्त्रणका लागि १५ लाख रुपैयाँ उपलब्ध गराएको थियो । यसपटक घटेर १२ लाख ५० हजार रुपैयाँ मात्र पठाएको अधिकृत शर्माले बताइन् । विभिन्न एफएम रेडियो, पत्रपत्रिकामा डढेलो बारे सूचना दिने, ईन्धन, तलबलगायत शीर्षकमा खर्च हुने गरी न्यून बजेट पठाएको वन कार्यालयले जनाएको छ ।

२०७७ सालमा संघीय सरकारले २५ लाख रुपैयाँ र प्रदेश सरकारले ३ लाख ५० हजार रुपैयाँ डढेलो नियन्त्रणका लागि बजेट उपलब्ध गराएको थियो । पछिल्लो वर्षमा डढेलो नियन्त्रणको नाममा विनियोजन हुने बजेट घट्दै गएको अधिकृत शर्माले बताइन् । वनकै एक अधिकृतका अनुसार २९ हजार हेक्टर बढी वन क्षेत्रमा डढेलो नियन्त्रण गर्न राखिएका ७ जना कर्मचारी पर्याप्त छैनन् ।

सुख्खायामसँगै तराईको जंगलमा डढेलो लाग्ने क्रम सुरु भएको छ । यो समय सुकेको पातमा गोठाला र शिकारीले आगो लगाउने गर्छन् । यसले मानव बस्ती र वन्यजन्तुलाई समेत असर पुऱ्याउने गरेको छ । गत वर्ष डढेलो गाउँमा सल्केर चन्द्रपुर-६ मा २ घर जलेर क्षति पुगेको थियो । नेपाल प्रहरी, सशस्त्र, सेना र स्थानीय मिलेर आगो निभाएको थियो ।

पछिल्लो १५ वर्षमा वनमा कति काठ दाउरा क्षति भयो भन्ने तथ्यांक निकाल्ने काम भइरहेको डिभिजन वन कार्यालयले जनाएको छ । वनले डढेलो निभाउन भन्दै ट्र्याक्टरमा ट्र्यांकी जडान गरेर राखेको छ । तर यसले डढेलो निभाउन सक्ने अवस्था नरहेको वनकै कर्मचारी बताउँछन् । नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका उपनेता युवराज भट्टराईले संघीय सरकारले ठोस कार्यक्रमसहित तराईका जिल्लामा डढेलो नियन्त्रणमा लाग्नुपर्ने बताए ।

उनले भने, ‘यसो बजेट पठाएको जस्तो गरेर झारो टार्ने मात्र काम गरेर हुँदैन,’ उपनेता भट्टराईले भने ,‘यस्तै पारा हो भने डढेलोले वनको काठदाउरा डढेर राज्यलाई ठूलो नोक्सान हुन्छ ।’ हिउँदमा झरेका पतकरमा आगो सल्काउँदा वनमा डढेलो लाग्ने गरेको हो । यसले ढलापडा, सुकेको काठदाउरा जलेर नष्ट हुने गरेको छ । डढेलोले वन्यजन्तुलाई पनि सकस हुने गरेको छ । वन्यजन्तु यो समय आगोबाट जोगिन राजमार्ग र चुरे क्षेत्रमा जान्छन् । केही नदी किनारमा बस्छन् । यही मौकामा शिकारीले बन्यजन्तु मार्छन् । वनमा शिकारीको बिगबिगी हुन्छ ।

राजमार्ग निस्कदा सवार ीसाधनले किचेर मरेका घटना समेत छन् । जंगलमा आगो लगाउनेलाई पक्रेर कारबाही गर्नेसम्म वनलाई अधिकार छ । तर, कसले आगो लगाउँछ भन्ने वन कर्मचारीले पत्ता लगाउन सक्दैनन् । बर्षैनि शिकारी र गोठालालाई आगो लगाउने गरेको आरोप लगाउँदै आएको छ । तर उनीहरु पक्राउ र अनुसन्धानको दायरामा कहिले आउँदैन ।

‘गणतन्त्रको मूल मर्मलाई आत्मसात गरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ’

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाली जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्मलाई आत्मसात् गरी रेडियो नेपालले समाचार, कार्यक्रम र सन्देश सम्प्रेषण गर्नुपर्ने बताउनुभएको छ ।

रेडियो नेपालको ७४औँ वार्षिकोत्सव समारोहलाई आज यहाँ सम्बोधन गर्दै उहाँले रेडियो नेपालले गाउँ, सहर र दूरदराजका बस्तीसम्म पुगी युग सुहाउने सूचना र सञ्चारको भरपर्दो, निष्पक्ष, स्वतन्त्र र प्रभावकारी माध्यम बन्नसक्नुपर्ने बताउनुभयो ।

नेपाल सरकारको शतप्रतिशत भूभागमा रेडियोको पहुँच पुऱ्याउने लक्ष्यअनुरुप हालसम्म ९३ प्रतिशत जनसंख्यामा पहुँच पुऱ्याउन सफल भएको सुन्दा खुसी लागेको उल्लेख गर्दै मन्त्री शर्माले बाँकी जनसंख्यामा प्रसारण पहुँच वृद्धि गर्न कटिबद्ध भएर लाग्न आग्रह गर्नुभयो । संवैधानिक मर्मलाई आत्मसात् गर्दै रेडियो नेपालले प्रादेशिक प्रसारणमा प्राथमिकता दिँदै आएको भन्दै उहाँले अब रेडियो नेपालले प्रादेशिक प्रसारणको समय अवधि बढाउनतिर ध्यान दिन आवश्यक रहेको बताउनुभयो ।

“हालसम्म २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम प्रसारण गरेर देशको बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतालाई सम्बोधन गर्नु समावेशिताको महत्वपूर्ण फड्को नै हो”, उहाँले भन्नुभयो, “आगामी दिनमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी सार्वजनिक प्रसारण सेवा बनाउने सरकारको नीतिलाई व्यवहारमा उतार्न सार्वजनिक प्रसारण उन्मुख समाचार र कार्यक्रम उत्पादन तथा प्रसारणका लागि तयारी गर्नुपर्ने आवश्यकता छ ।”

मन्त्री शर्माले २००७ सालको क्रान्तिको जगबाट स्थापित अग्रणी प्रसारण संस्था रेडियो नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा हरेक कालखण्डको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको साक्षी बन्दै आइरहेको बताउनुभयो । राष्ट्र र नागरिकका हरेक सवाललाई प्रवाह गरेर रेडियो नेपालले समाजको अग्रगामी रुपान्तरणमा ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै उहाँले जनक्रान्तिका उपलब्धिको रक्षा र विकास गर्दै बदलिएको व्यवस्थाअनुकूल जनताको अवस्था बदल्न रेडियो नेपालले अझै विविधतापूर्ण सामग्री उत्पादन र प्रसारण गर्नेतिर ध्यान दिन आवश्यक रहेको बताउनुभयो ।

सूचना प्रविधिको विकासले सञ्चारका माध्यममा विविधता आएको भए पनि अझै रेडियोप्रतिको आकर्षण नघटेको उल्लेख गर्दै मन्त्री शर्माले अहिले पनि देशभरि र खासगरी ग्रामीण क्षेत्रका आम जनताको घरघरमा, मेलापात र गोठालो जाँदाको साथी रेडियो नेपाल नै बन्ने गरेको स्मरण गर्नुभएको छ । “टेलिभिजन र इन्टरनेटको पहुँचभन्दा बाहिरका स्रोतालाई सूचना र मनोरञ्जन दिने मात्र होइन, इन्टरनेटको पहुँचमा रहेका स्रोतालाई क्षणक्षणमा अनलाइन ‘पोर्टल’मार्फत सूचित गर्ने काम पनि रेडियो नेपालले गरिरहेको छ”, उहाँले भन्नुभयो, “रेडियो नेपाल गाउँ-सहरका स्रोताको सूचना र मनोरञ्जनको सबैभन्दा भरपर्दो माध्यमका रुपमा स्थापित भइरहनु हाम्रा लागि गौरवको विषय हो ।”

मन्त्री शर्माले हिमाल, पहाड र तराईको भौगोलिक विविधतालाई आत्मसात् गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकको मूल्यबोधसहित रेडियो नेपालले मन र माटोलाई जोड्न अझै प्रभावकारी कार्यक्रम उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी दिवसमा प्रभातफेरी

‘सहकारीमा सुशासन : प्रविधि र एकिकरण’
coop
६७ औं राष्ट्रिय सहकारी दिवस
२०८० चैत्र २० गते
सफल पार्टी
सहकारी संस्था लि.

टुडे समाचारदाता

राजविराज । ६७ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा जिल्ला सहकारी संघ लि.राजविराजले प्रभातफेरी गरेको छ ।

मंगलवार जिल्लाभरका सहकारी संस्थाको सहभागितामा सदरमुकाममा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ ।

“सहकारीमा सुशासन, प्रविधि र एकीकरण” भन्ने मूल नारासहित प्रभातफेरी गरिएको छ । आर्थिक अराजकलाई कारवाही गर, सहकारीको सुरक्षा गर, राजनैतिक स्वार्थका लागि सहकारीको प्रयोग बन्द गर, सहकारीको ऋण समयमै तिरी बचतकर्ताको रकम सुरक्षित गरौँ, सहकारीको स्वस्थ्य विकास मिटरव्याजीको हुन्छ विनास” लगायतका नारा लेखिएको प्लेकार्डसहितको र्‍याली स्थानीय शिव मन्दिरको प्राङ्गणबाट सुरु भएर बजार क्षेत्रको परिक्रमा गरेको थियो ।

प्रभातफेरी पश्चात जिल्ला समन्वय समितिको सभाकक्षमा आयोजित अन्तर कृया कार्यक्रममा जिल्ला सहकारी संघ लि.का अध्यक्ष विनोद दत्त, प्रबन्धक रमेश प्रसाद गुप्ता, कार्यक्रम संयोजक सविता न्यौपाने, सदस्य गणेश कुमार आश, सचिन्द दास, गोपाल प्रसाद गुप्ता, मनोज यादव, मत्स्य पशुपंक्षी सहकारी संघका केन्द्रीय सदस्य तेज नारायण यादव, महुली दुग्ध उत्पादक सहकारी संघका दिपेन्द्र आर्चाय, भुवन आर्चाय, राष्ट्रिय सहकारी बैंकका प्रबन्धक विरबल राजवंशी लगायतले बोल्दै सहकारीकर्मीहरुले भोग्नु परेको समस्या र यसको समाधानका लागी आ-आफनो धारणा राखेका थिए ।

तपाईंको आज

पण्डित : ब्रम जी

मेष	: बौद्धिक क्षमता ।
बृष	: प्रतिभा सम्पन्नता ।
मिथुन	: शिक्षामा उन्नति ।
कर्कट	: पारिवाहिक सुख ।
सिंह	: धन वृद्धि सञ्चय ।
कन्या	: प्रेम प्रसंग, मित्र सुख ।
तुला	: सुख समृद्धि हुने ।
बृश्चिक	: भ्रमण अवसर हुने ।
धनु	: अवसर प्राप्त ।
मकर	: वाद विवादबाट बच्नु ।
कुम्भ	: पुरस्कार प्राप्त लाभ ।
मीन	: नयाँ कार्य हुने ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे



वीरगञ्जको रेल्वे माविमा एसइई अन्तर्गत मंगलबार विज्ञान विषयको परीक्षा दिँदै विद्यार्थी। *तस्बिरः रासस*

महिला उद्यमशिलताको प्रवर्द्धन गर्ने कानुन छिटै ल्याईने : उद्योगमन्त्री

टुडे समाचारदाता

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले महिला उद्यमशिलताको प्रवर्द्धन गर्ने कानुन छिटै ल्याईने बताएका छन्।

महिला उद्यमी महासङ्घले मंगलबार ललितपुरमा आयोजना गरेको सातौँ अन्तर र्‍ाष्ट्रिय महिला उद्यमी व्यापार मेलाको समापन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले महिलाको मात्र स्वामित्व रहने गरी कुनै औद्योगिक ग्राम तथा क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा सरकारले स्थान उपलब्ध गराउने बताउदै सरकारले चाँडै महिला उद्यमशिलताको प्रवर्द्धन तथा सहजिकरण गर्ने कानुन ल्याउन लागेको बताएका हुन्।

International Women's Trade Expo 2024
Closing Ceremony
समापन समारोह

मन्त्री भण्डारीले आर्थिक गतिविधिमा महिलाको संलग्नताबिना देशमा विकासको सम्भावना नरहेको बताए। उनले व्यापार र लगानीका गतिविधिमा महिलालाई अगाडि बढाउन सरकारले दृढ संकल्पका साथ लघु, घरेलु तथा साना उद्योग सञ्चालनमा प्राथमिकता दिएको बताए।

मन्त्री भण्डारीले 'मेड इन नेपाल' कार्यक्रममा महिला उद्यमीलाई सहभागी गराएर महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवाको अन्तर्राष्ट्रियकरण गराउन सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गरे। उद्यमशिलतामा महिला सहभागितालाई बढावा दिन मन्त्रालयका तर्फबाट सक्दो सहयोग रहने उनले उल्लेख गरे।

मन्त्रालय महिला उद्यमीसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाली महिलाले सञ्चालन गर्ने उद्योगलाई मन्त्रालयले विशेष प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए।

गृहमन्त्री र जर्मन राजदूतबीच भेटवार्ता

टुडे समाचारदाता

काठमाण्डु। नेपाल सरकारका गृहमन्त्री रवि लामिछाने र नेपालका लागि जर्मन राजदूत थोमस प्रिन्जबीच शिष्टाचार भेट भएको छ।

गृहमन्त्री लामिछानेले अध्यागमनलाई अत्याधुनिक बनाई नेपाल भित्रने पर्यटकको आकर्षण र सीमा अपराध न्यूनीकरण गर्न इ-गेट (सफ्टवयर र हार्डवयर) तर्फ सुधार आवश्यक भएकाले सो सम्बन्धमा राजदुत प्रिन्जसँग छलफल गरेका छन्। उनले भोकेसनल ट्रेनिङ्मा जान इच्छुक विद्यार्थीका लागि आवश्यक समन्वय गरी सहजीकरण गरिने बताए।

राजदूत प्रिन्जले घनिष्ठ सम्बन्ध रहेको देशको नाताले अनन्तकालसम्म साझेदारी, समन्वय र सहकार्य रहने प्रतिबद्धता व्यक्त गरे। राजदूत प्रिन्जले मन्त्री लामिछानेलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना दिदै नेपालको अध्यागमन प्रशासन सुधार गर्न अत्यावश्यक देखिएको इ-गेट निर्माणमा सहकार्य गर्न तत्परता देखाएका छन्।

गृहमन्त्री लामिछानेले जर्मनी जान इच्छुक नेपाली विद्यार्थीका लागि अध्ययन र काम गर्न मिल्ने गरी भोकेसनल तालिममा पठाउने विषयमा श्रम, शिक्षा र गृहमन्त्रालयबीच समन्वय हुन नसक्दा अध्यागमनबाट फर्कन परेको गुनासो राखे।

'आर्थिकस्तर सुधारमा सहकारीको भूमिका महत्वपूर्ण'

HOTEL MANASLU

मोरङ। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सार्वसाधारणको आर्थिक अवस्था सुधारमा सहकारीको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

जिल्ला सहकारी सङ्घ मोरङद्वारा मंगलबार आयोजित ६७ औँ राष्ट्रिय सहकारी दिवस-२०८० को उद्घाटनमा उहाँले महिलालाई स्वरोजगार, व्यवसायी र वित्तीय साक्षर बनाउने काममा सहकारीको भूमिका उल्लेखनीय भएको विचार व्यक्त गर्नुभयो।

> मुख्यमन्त्री कार्कीले महिलाको सशक्तिकरणमा सहकारीको योगदानको चर्चा गर्दै ग्रामीण तथा दुर्गम क्षेत्रमा आर्थिक चलायमानमा सहयोग पुगेको धारणा राख्नुभयो। उहाँले जनताले बचत गरेको सहकारीमा अनियमिता गर्ने कार्य निरुत्साहित गर्न कानुन संशोधन गरी आवश्यक नियमन गर्नुपर्ने बताउनुभयो।

मुख्यमन्त्री कार्कीले महिलाको सशक्तिकरणमा सहकारीको योगदानको चर्चा गर्दै ग्रामीण तथा दुर्गम क्षेत्रमा आर्थिक चलायमानमा सहयोग पुगेको धारणा राख्नुभयो। उहाँले जनताले बचत गरेको सहकारीमा अनियमिता गर्ने कार्य निरुत्साहित गर्न कानुन संशोधन गरी आवश्यक नियमन गर्नुपर्ने बताउनुभयो।

सहकारीले प्रदेशको कृषि पशुपालन एवं साना तथा घरेलु उद्योग क्षेत्र आत्मनिर्भर बनाउन आवश्यक लगानी गरी मुलुकको समृद्धि र जनताको जीवनस्तर उठाउने काम गर्नुपर्ने बताउनुभयो। कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री रामकुमार खत्रीले सहकारी सञ्चालकले कारोबार पारदर्शी ढङ्गले गर्नुपर्ने बताउनुहुँदै जनताको आर्थिक समृद्धि कायम गर्ने क्षेत्रमा लगानी गर्न सुझाव दिनुभयो।

मन्त्री खत्रीले प्रदेशमा सहकारीमैत्री वातावरण निर्माण गर्न सरकारको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेकपा एमाले कोशी प्रदेशका प्रमुख घनश्याम खतिवडाले लोकतन्त्रमा सहकारी फस्टाउने र ग्रामीण क्षेत्रमा अर्थतन्त्र चलायमान गराउन सहकारीको भूमिका महत्वपूर्ण रहेको विचार राख्नुभयो।

आयोजक समितिका अध्यक्ष डा डिल्ली पोखरेल, राष्ट्रिय सहकारी महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेल लगायतले मुलुकमा एक सय वटा सहकारीमा देखिएको समस्याका कारण यो क्षेत्र बदनाम भएकाले यसको समाधान गर्न राष्ट्रिय सहकारी ऐन कार्यान्वयन गर्नुपर्ने सुझाव दिएका थिए।

मोरङ जिल्लाभित्र एक हजार ४० सहकारी छन्। ती सहकारीमा चार लाख ४३ हजार सदस्य रहनुका साथै रु २९ अर्ब कारोबार हुने गरेको तथ्याङ्क छ।रासस

वास्तु र व्यवहार

काठमाण्डु। वास्तुको जन्म भाद्र कृष्णपक्षको तृतीया तिथिमा भएको हो। विश्वकर्मा प्रकाश नामक ग्रन्थका अनुसार एउटा अति विशाल मानव आकृतिको उत्पत्ति भयो। जसले संसारलाई ढाक्यो। यसबाट आत्तिएका देवताहरु ब्रम्हाजीसँग समस्या समाधान गर्न अनुरोध गरे। ब्रम्हाजीले त्यो विशाल पुरुषाकृतिलाई उँधो मुख गरी थिच्न लगाए। आफूलाई देवताहरुले थिचेपछि आत्तिएको त्यो विशाल आकृतिले ब्रम्हाजीसँग आफू अन्यायमा परेको गुनासो गरेपछि 'वास्तुपुरुष' भनी वरदान दिएको विश्वकर्मा प्रकाश नाम ग्रन्थमा उल्लेख छ।

वास्तुपुरुषलाई कुनै भवन, मन्दिर, गाऊँ, सहर, जलाशयलगायतका निर्माण गर्दा पूजा गर्नुपर्ने र वास्तुको शरीरका अङ्गहरुलाई नकारात्मक असर नपर्ने गरी निर्माण गरिनु विधि वा वरदान प्राप्त भयो। यदि वास्तुपुरुष अर्थात् वास्तुविपरीत निर्माण भए गरेमा त्यहाँ बस्नेहरुमा खुशी नमिल्ने व्यवस्था गरियो। आज पनि उँधो मुख अर्थात् घोप्टो परेको आकृतिलाई 'वास्तुपुरुष' भनी मान्दै आएको पाइन्छ।

गृह निर्माण गर्दा शिलान्यास, नवगृह प्रवेश, जीर्ण गृहप्रवेश, लामो यात्रा पर्यन्त गृहप्रवेश, मूलद्वार स्थापना, व्रतवन्ध, विवाहआदि काम गर्दा वास्तुपूजन अनिवार्य मानिन्छ। बनिसकेको घरमा पनि विभिन्न समस्याहरु आउन थाले भने वास्तुपूजन वा वास्तु शान्ति गराउनुपर्छ। पौराणिक ग्रन्थका अनुसार घरमा चट्याङ परेको अवस्थामा, पटकपटक सर्पहरुले दुःख दिन थालेमा, कौवा, लाटोकोसेरो, परेवाआदिले बास गर्न थालेमा वास्तुदोष भएको मानिन्छ। घरमा अरिङ्गाल, बारुलो, मौरीआदिले बास गर्न थाले, बिरालो, स्यालआदि निरन्तर आवाज दिन थाले, पाल्तु जनावरहरु अनाहकमा रातमा कराउने गरेका छन् र घरमा अनाहकमा कहल हुन थालेको छ भने त्यस्तो घरमा वास्तुदोष छ भनेर बुझ्न सकिन्छ। यदि यस्तो अवस्था छ भने तत्काल वास्तु शान्ति गराउनुपर्छ भन्ने शास्त्रीय मान्यता छ।

हरेक मानिसको जीवनमा भाग्य, कर्म र वास्तुको बराबर प्रभाव हुन्छ। मानिसले आफूले गर्ने कर्मको प्रतिफल कर्मअनुसार नै पाइरहेको हुन्छ। यदि कर्ममा शुद्धता छ र शुभकर्म छ भने त्यसको परिणाम पनि शुभ नै हुन्छ। यद्यपि धेरै मानिसले सकारात्मक कर्म गर्दागर्दै पनि उपलब्धि प्राप्त गर्न सकिरहेको हुँदैन। यदि मानिसको कर्म राम्रो छ र पनि परिणाम नकारात्मक छ भने त्यहाँ उसको भाग्य र वास्तुले साथ दिइरहेको छैन भन्ने बुझिन्छ। मानिस भाग्यले पनि पूर्ण छ, कर्ममा पनि राम्रो छ तर पनि परिणाम भनेजस्तो छैन भने वास्तुदोषले समस्या दिइरहेको हुन्छ। यी तिनै पक्षलाई विचार गरेर हेर्दा मानिसले भाग्यलाई बदल्न सक्दैन। परारब्ध अर्थात् उसको पूर्वजन्मको सञ्चित कर्मको परिणाम भोग्नैपर्छ। वास्तुशास्त्र र यस क्षेत्रका विद्वानहरु भाग्यलाई विधिको विधान भन्छन् तर कर्म र वास्तुलाई सकारात्मक बनाउन सकिन्छ भन्ने निष्कर्ष निकाल्छन्। त्यसैले भाग्यको मात्र भर परेर जीवनमा सकारात्मकता ल्याउन सकिन्न। कर्मलाई सकारात्मक बनाउने र वास्तुशास्त्रीय मान्यतालाई प्रयोगमा ल्याउने हो भने जीवनमा सकारात्मकता ल्याउन सकिन्छ।

कसरी सकारात्मक हुन्छ वास्तु ?

सामान्यतया बजारमा वास्तुको विषयमा निकै चर्चा सुनिन्छ तर वास्तुको विषयमा चासो राखेजस्तो लागे पनि मानिस आफैले वास्तु बिगारिरहेका हुन्छन्। थाहा नभएर वास्तु बिग्रनु सामान्य हो तर कतिपय अवस्थामा मानिसले थाहा पाएर पनि वास्तु विपरीत काम गरिरहेका हुन्छन्। दैनिक जीवनमा प्रयोग गरिने अनेकन सामानहरुले वास्तुमा प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ। आफूले प्रयोग गर्ने गरेका सामानहरुको सही स्थान र उपयोगमा ध्यान नदिँदा घरको वास्तु नकारात्मक बन्दै गएको हुन्छ।



वास् अर्थात् निवासको सकारात्मक ऊर्जा बढाउँदै नकारात्मक ऊर्जा कम गराउने वैदिक पद्धति नै वास्तु हो। वस्तुको स्थान, आकार, रङआदिबाट प्रभावित हुन्छ। आधुनिक जीवनमा यसको व्यवस्थापन जटिल तर अनिवार्य बन्दै आएको छ। सानो ठाउँमा अधिक वस्तुहरुको व्यवस्थापन गर्नुपर्ने बाध्यता हुँदा हामीहरुले वास्तु व्यवस्थापन गर्न सकिरहेका हुँदैनौ। बढ्दो सहरीकरण, बहुतले भवन, औद्योगिकरण, जमिनको कमीलगायतका कारण वास्तु व्यवस्थापन जटिल बन्दै आएको छ। यीनै जटिलताका कारण वास्तु व्यवस्थापन छाँयामा पर्ने गरेको छ। जसले गर्दा निवासमा नकारात्मक ऊर्जा बढ्दै गएको हुन्छ। त्यसैले नकारात्मक ऊर्जा कम गर्न वास्तु व्यवस्थापन झन् जरुरी बनेको छ।

घर या कार्यालयको ऊर्जा सकारात्मक भएन भने त्यहाँ बस्ने या काम गर्ने मानिसको भावमा सकारात्मकता आउँदैन। नकारात्मक ऊर्जा र मनस्थितिका बीच गरिएका कार्यहरु सफल हुँदैनन्। मानिसमा झन्झन् चिन्ता र नैराश्यता उत्पन्न हुन्छ। त्यसैले विविध जटिलता हुँदाहुँदै पनि सम्भव भएसम्म वास्तुका मूल मान्यतालाई बिर्सन या बेवास्ता गर्नुहुँदैन। निवास वा कार्यालयको निर्माण र आन्तरिक साजसज्जामा ध्यान दिने हो भने अधिक वास्तु सकारात्मक बन्छ। अवस्था र व्यवस्था हेरेर पूर्ण व्यवस्थापन गर्न नसकिए पनि मूल कुरामा भने ध्यान दिनैपर्छ। हामी सबैले वास्तु व्यवस्थापन गर्दा केही आधारभूत कुराहरु थाहा पाउनै पर्ने हुन्छ।

छोटो आलेखमा समग्र वास्तुको चर्चा सहज छैन। यद्यपि हरेक मानिसले आफै प्रयास गर्दा वास्तु सकारात्मक हुने अवस्थाहरुको चर्चा औचित्यपूर्ण हुनसक्छ। त्यसका लागि हामीले आफ्नो निवासलाई विशेष ध्यान दिनुपर्छ। बास अर्थात् निवास सकेसम्म सफा र स्वच्छ हुनुपर्छ। घरको सरसफाईसँगै वस्तुहरुको उचित व्यवस्थापन हुनुपर्छ। घरमा अनावश्यक सामग्री राख्नुहुँदैन। अनावश्यक र प्रयोगमा नआउने सामानहरु 'पछि चाहिएला' भनेर सञ्चय गरिराख्नु वास्तुका हिसाबले नकारात्मक मानिन्छ। कतिपय मानिसहरु आफ्नो घरमा पुराना सामानको भण्डार नै गरेका हुन्छन्। फुटेका ऐना, बिग्रिएका घडी, मेसिनका पार्टपुर्जा, नचल्ने मोबाइल, रेडियो, बल्वहरु सञ्चय गरेर राख्ने गरेको पाइन्छ। यी वास्तुको नकारात्मक ऊर्जाका स्रोत हुन। यसलाई सकेसम्म छिटो घरबाट हटाइहाल्नुपर्छ। बिग्रिएका सामानले घरको ऊर्जा बिगार्छ। राम्रा र आकर्षक वस्तुले सकारात्मक उर्जा उत्पन्न गर्छ।

वैदिक वास्तुमा आठ दिशा र दश दिक्पालको विशेष ख्याल राखेर वास्तु व्यवस्थापन गरिन्छ। जमिनको प्रत्येक टुक्रामा वास्तुपुरुषको निवास हुने हुनाले निर्माण वा व्यवस्थापनमा त्यसलाई ध्यानमा राख्नुपर्छ। पानीजन्य वा जलीय पदार्थ इशान क्षेत्रमा उपयुक्त हुन्छ। पानीको धारो, स्नान गर्ने स्थान, भूमिगत जल सञ्चय यसै क्षेत्रमा राख्नुपर्छ। इशान वास्तु पुरुषको शीर भएकाले यस क्षेत्रमा जलीय पदार्थ सकारात्मक ऊर्जाको स्रोत बन्छ। यसले निवासमा सकारात्मकता सिर्जनामात्र गर्दैन त्यहाँ निवास गर्ने व्यक्तिको जीवनमा पनि सकारात्मकता ल्याउँछ।

निवास या कार्यालयको मुख्यद्वार सबैभन्दा महत्वपूर्ण हुन्छ। त्यसैले कुनै पनि निर्माण गर्दा मुख्य प्रवेशलाई विशेष ध्यान दिनुपर्छ। स्थान, अवस्था र दिशा हेरेर मुख्यद्वार निर्माण गर्दा सकारात्मक ऊर्जा भएको स्थान चयन गरिनुपर्छ। मुख्यद्वार घरका अन्य द्वारभन्दा ठूलो र आकर्षक बनाउनुपर्छ। जहाँबाट प्रकाश घरभित्र अधिकतम स्थानमा पुगोस्। निर्माण भइसकेको घर वा निवासको मुख्य ढोका अगाडि फोहोर हुनुहुँदैन। अनावश्यक खाल्डो, ठूला-ठूला रुख, विजुलीको खम्बा तथा अन्य कुनै पनि सामग्रीको थुप्रो कदापि हुनुहुँदैन। आफ्नो घरको मुख्य ढोकाको सामुन्ने अर्कोको घरको मुख्य ढोका छ भने यसले वास्तुदोष उत्पन्न गर्छ। मुख्य प्रवेशमा कतैबाट छाँया नपरोस् भन्ने कुरामा सचेत हुनुपर्छ। स्वच्छ, सफा मुख्य प्रवेश नजिकै शुभस्थान हेरेर तुलसीको मठ निर्माण गरिनुपर्छ। मुख्य प्रवेश र भान्सा सिधा लाइनमा हुनुहुँदैन। बाहिरबाट प्रवेश गर्दा भान्सा सकेसम्म नदेखियोस् भन्ने कुरामा ख्याल राख्नुपर्छ। अचेल अधिकांश घरहरुमा भान्सा र शौचालय नजिक नजिक राख्ने गरेको पाइन्छ। यसो गर्नुहुँदैन। पूजा कोठा, भान्सा र शौचालय नजिक बनाउदा वास्तुदोष उत्पन्न गर्छ। तसर्थ पूजास्थान घरको इशान क्षेत्रमा, भान्सा कोठा आग्नेय क्षेत्रमा र शौचालय पश्चिम या दक्षिण क्षेत्रमा व्यवस्थापन गर्नुपर्छ। शौचायलमा शौच गर्दा उत्तर या पूर्वाभिमुख हुने गरी मिलाउनुपर्छ। 'सफ्टिक ट्याङ्क'लाई सकेसम्म वायव्य क्षेत्रमा बनाउनुपर्छ।

हरेक मानिसले पहिलो चरणमा आफ्नो घरको सरसफाई, मुख्यद्वार, पाकशाला, पूजास्थल र शौचालयको सही व्यवस्थापन गर्दा अधिकतम वास्तुदोष कम हुन्छ। घरमा भएका पशुपंक्षी र किटपतङ्गहरुको अवस्था हेरेर वास्तुको अवस्था सुधार गर्ने प्रयत्न गर्दा शुभफल प्राप्त गर्न सहज हुन्छ। हरेक शुभकार्यमा वास्तुपूजन या वास्तु शान्ति गराउने र वर्षभरीमा कुनै पनि शुभकार्य गरिएको छैन भने वर्षमा एकपटक वास्तु शान्ति गराउने बानी बसाल्नु रामो मानिन्छ।रासस

कोरोना सङ्क्रमीत हुनेको संख्या बढ्दो

टुडे समाचारदाता

काठमाण्डु। एक समय विश्वव्यापी महाामारीको रुपमा रहेको कोरोना भाईरस मौसम परिवर्तनसँगै पुनः सक्रिय भएको बुझीएको छ। मौसम परिवर्तनसँगै व्यक्तिमा रुघाखोकी, ज्वरो, फ्लु देखिन थालेको चिकित्सकले बताएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार विगत एक हप्तामा २८ जनामा कोरोना सङ्क्रमण देखिएको छ। ती सङ्क्रमितमा सुदूरपश्चिम प्रदेशमा भारतबाट आएका

रहेका छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा युवानिधि बसौला कोरोना सङ्क्रमित फाट्टफुट्ट उपचारका लागि अस्पतालमा आउने गरेको बताउछन्।

बसौलाका अनुसार मौसममा आएको परिवर्तनसँगै रुघाखोकी र ज्वरोका बिरामी बढेको तर बाहिर हल्ला गरेजस्तो कोरोना सङ्क्रमित अस्पतालमा नरहेको बताए। अहिले तीन सङ्क्रमितले सघन उपचार कक्ष (आइसियु) र दुई जनाले श्ययामा उपचार गराइरहेका र अन्य अस्पतालमा आइसोलेसन नभएर टेकु अस्पतालमा बिरामी आउने गरेको उनको भनाई छ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले भारतमा पुस महिनामा कोरोना भाइरसको नयाँ भेरियन्ट जेएन-१ देखिएसँगै नेपालमा पनि कोरोनाका बिरामी देखिएको बताए। "भारतमा देखिएपछि नेपालमा पनि फाट्टफुट्ट बिरामी देखिएका हुन", उनले भने, "तर अहिले भने बाहिर हल्ला गरेजस्तो कोरोना सङ्क्रमित छैनन्।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

सम्पादकीय

अशोभनीय

सप्तरी जिल्लाको राजविराजमा अवस्थित पूर्वाधार विकास कार्यालयका प्रमुखलाई हातपात गरिएपछि कर्मचारीहरु आन्दोलित भएका छन्। कार्यालय प्रमुखलाई जनमत पार्टीका केन्द्रीय सदस्य तथा मधेश प्रदेशका संसदीय दलका नेतासमेत रहेका पूर्व शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवले हातपात गरेका हुन्। उनीसँगै गएका जनमत पार्टीका केही नेता, कार्यकर्ताहरुको समूहले कार्यालय प्रमुखलाई हातपात गरेको घटनालाई लिएर कर्मचारीहरु आन्दोलित भएका छन्। उनीहरुले कालोपट्टी बाँधेर कार्यालय परिसरमा धर्ना दिन थालेका छन्। धर्नाले कार्यालयको कामकाज ठप्प भएको छ। हुनत कर्मचारीहरुले दोषी उपर कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी पनि दिएका छन्। प्रमुख जिल्ला अधिकारीले कारबाही गर्न सक्ने अवस्था देखिदैन। हातपात गर्ने संसदीय दलका नेता र पूर्व मन्त्री पनि हुन्। प्रमुख जिल्ला अधिकारीलाई कारबाही गर्ने अधिकार भए पनि विषयवस्तु राजनीतिसित जोडिएकाले कारबाही गर्न सहज छैन। तर समस्याको सुरक्षित अवतरण गराउन आवश्यक छ। विवादलाई तन्काउनु भन्दा समाधान तर्फ जानु दुवै पक्षका लागि अनुकुल हुनेछ। पूर्वमन्त्री यादवका लागि शोभनीय कार्य होइन। उनको नेतृत्वमा रहेको समूहले कार्यकक्षमा कार्यालय प्रमुखमाथि हातपात गर्नु सबै दृष्टिकोणले निन्दनीय छ। कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न सभासदहरुले प्रेरित गर्नु पर्ने हो। सभासदहरुले नै कुटपिट गर्न थालेपछि कर्मचारीहरु काम गर्न अटेर मात्र नभइ त्यस्ता क्षेत्रमा जानै मान्दैन। कर्मचारीलाई संरक्षण दिने काम सरकारको हो। हातपात गर्ने कार्य कसैले गर्न पाउँदैन। पूर्वाधार विकास कार्यालयको घटनाले अन्य सरकारी कार्यालयमा कार्यरत्त कर्मचारीहरुको मनोबल खसाउने काम गरेको छ। प्रदेशको योजनाहरु कार्यान्वयन गर्ने अति महत्वपूर्ण समय हो। पूर्वाधार विकास कार्यालयबाट पूर्वाधार निर्माणको काम हुने भएकाले त्यसका लागि अब समय छोटो भएको छ। ठेक्का प्रक्रियाका लागि डेढ महिना लाग्ने र उपभोक्ताका लागि पनि केही हप्ता लाग्ने भएकाले चालु आर्थिक वर्षमा कामगर्ने समय निकै कम रहेको छ। त्यसकारण पनि समस्याको समाधान सक्दो चाँडो आवश्यक छ। पूर्वाधार कार्यालयले उपभोक्ता समितिबाट हुने कामहरुको पत्र वितरण गर्न थालेको छ। त्यस क्रममा उपभोक्ता समिति गठनदेखि कार्यक्रमको इस्टिमेट, डिजाईन लगायतका कामहरु गर्नु पर्ने भएकाले समय लाग्नु स्वभाविक हो। त्यसकारण प्रमुख जिल्ला अधिकारीले समस्याको सक्दो चाँडो निकास दिनु उपयुक्त हुनेछ

कोशी प्रदेशमा भयावह सडक दुर्घटना

सङ्गीता राई

उदयपुरको बेलका नगरपालिका–७ मैनामैनीमा यही चैत १ गते को १ ज २५९३ नम्बरको जीप दुर्घटनामा पर्‍यो। १७ जना यात्रु लिएर भोजपुरतर्फ जाँदै गरेको जीप कच्ची बाटोबाट चार सय मिटर तल खस्दा चालकसहित सातजनाको घटनास्थलमै ज्यान गयो भने एकजनाको उपचारका क्रममा अस्पतालमा ज्यान गयो। मैनामैनी दुर्घटनामा घाइते भएका नौजनामध्ये केहीको अहिले पनि उपचार भइरहेको छ।

सोही दिन धरानबाट बराहक्षेत्रको चक्रघटी जाँदै गरेको बा. २ ख. २००० नम्बरको बस तीन द्वाङ्गे भन्ने ठाउँमा सडक नजिकैको रुखमा ठोक्किए दुर्घटनामा पर्‍यो। घटनामा कसैको ज्यान नगए पनि करिब १२ यात्रु घाइते भए। गम्भीर घाइतेलाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याएर उपचार गरियो।

मैनामैनी र तीन द्वाङ्गेमा दुर्घटना हुनुभन्दा केही दिनअघि मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको त्रियुगा नगरपालिका–७ मा पश्चिमबाट पूर्व जाँदै गरेको स.१ ख.८१६ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको प्र.१-०१-०१६ प ४६७ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक सुर्योदय नगरपालिका–३ इलामका २४ वर्षीय प्रगति राईको मृत्यु भयो। पछिल्लो समय कोशी प्रदेशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनाका केही उदाहरण मात्र हुन्यी। प्रदेशका विभिन्न जिल्लामा हरेक दिनजसो यस्ता दुर्घटना भइरहेका छन्। यस्ता दुर्घटनामा परेर वर्षेनी सयौंले ज्यान गुमाइरहेका छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्क अध्ययन गर्ने हो भने कोशी प्रदेशमा सवारी दुर्घटनामा परेर दैनिक एक जनाभन्दा बढिको ज्यान गइरहेको छ। चालू आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म आठ महिनाको तथ्याङ्कअनुसार पुरुष २०६, महिला ४० र बालबालिका १६ सहित दुई सय ६२ जनाको ज्यान गइसकेको छ। यो तथ्याङ्कलाई विश्लेषण गर्दा सरदर मासिक ३३ जना अर्थात दिनमा एक जना भन्दा बढीको मृत्यु भएको छ।

चालू आवको फागुनसम्ममा जम्मा दुई हजार एक सय ४२ वटा अर्थात दैनिक सरदर नौ वटा दुर्घटना भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ। ती दुर्घटनामा पाँच सय ५८ जना गम्भीर घाइते र तीन हजार ३५ जना साधारण घाइते भएका थिए। अघिल्ला आवहरुको अवस्था पनि उस्तै छ। अघिल्लो आव २०७९/८० मा प्रदेशभर तीन हजार पाँच सय १० वटा अर्थात दैनिक १० वटाको हाराहारीमा दुर्घटना भएका थिए। ती दुर्घटनामा परेर एक सय १९ पुरुष, ६८ महिला र २५ बालबालिका गरी जम्मा चार सय १४ जनाले ज्यान गुमाएका थिए भने गम्भीर घाइते आठ सय १० र साधारण घाइते हुनेको संख्या चार हजार सात सय ९७ थियो।

आव २०७८/७९ मा तीन हजार आठ सय २० दुर्घटनामा जम्मा पाँच सय ३१ जनाको मृत्यु भएको थियो। त्यस वर्ष एक हजार दुई सय तीनजना गम्भीर र पाँच हजार चार सय ४५ जना साधारण घाइते भएका थिए। त्यस्तै, आव २०७७/७८ मा तीन हजार एक सय ३१ वटा दुर्घटनामा परी चार सय ४४ जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्कमा उल्लेख छ। त्यस वर्ष एक हजार ८३ गम्भीर र तीन हजार सात सय ९३ जना साधारण घाइते भएका थिए।

सवारी दुर्घटनाका विविध कारणमध्ये प्रमुख कारण मानवीय लापरबाही नै रहेको विभिन्न अध्ययनहरुले देखाएका छन्। ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको अध्ययन अनुसार कोशी प्रदेशमा भएका दुर्घटनामध्ये ५३ प्रतिशत तीव्र गतिका कारण दुर्घटना भएको देखिएको छ। त्यस्तै चालकको लापरबाहीले १६ प्रतिशत, सडक प्रयोगकर्ताको असावधानीले १२ प्रतिशत, मादकपदार्थ सेवनका कारण १० प्रतिशत, लाइसेन्स बिनाका चालकले चलाएका सात प्रतिशत रहेको पाइन्छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेल पहाडी क्षेत्रमा लगातार भइरहेका दुर्घटनाको अध्ययन गर्दा गाउँपालिकाहरुले जथाभावी सडक खन्ने प्रवृत्ति पनि जिम्मेवार देखिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “पहाडी क्षेत्रमा स्थानीयवासीले सडक माग गर्छन् तर स्थानीय तहहरुले कस्तो ठाउँमा कस्तो सडक निर्माण गर्ने भनेर अध्ययन नगरी जथाभावी सडक खन्ने गरेको पाइन्छ। ती सडकका कस्ता गाडी चलिरहेका छन् भनेर नियन्त्रण गर्ने संयन्त्र पनि छैन।”

प्रहरी उपरीक्षक पौडेल सडकमा सवारी चालकको प्रतिस्पर्धाको भावनाले पनि दुर्घटना बढिरहेको बताउनुहुन्छ। माघ, फागुन जस्ता धेरै विवाह हुने महिनामा धेरै दुर्घटना हुने गरेको पाइएको उहाँको भनाइ छ। विवाहमा क्षमताभन्दा बढी मान्छे चढाउने प्रवृत्ति बढिरहेका कारण पनि दुर्घटनाको जोखिम बढेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “दुर्घटना बढिरहनु चिन्ताको विषय हो। यसलाई शून्यमै झार्न त सकिँदैन तर सचेतना अपनाउने हो भने न्यूनीकरण गर्न सकिन्छ।”

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीम ज्वाला राई सडक दुर्घटना बढ्नुमा चालकलाई मात्र दोष दिने प्रवृत्ति रहेको बताउँदै समग्रमा चालक मात्र नभई सडक प्रयोग गर्ने सबै जनाको त्रुटि रहेको दाबी गर्नुहुन्छ। भौतिक, मानवीय, यान्त्रिक र पर्यावरणीय गरी दुर्घटनाका प्रमुख चार कारण रहेको बताउँदै उहाँ भन्नुहुन्छ, “सडक सुरक्षा मापदण्ड अनुसार बनेका छैनन्। सडक निर्माणमा ढिलासुस्ती हुँदा पनि दुर्घटना बढेको छ। यी सबै कुरालाई ख्याल गर्नु आवश्यक छ।”

डेढ दशकदेखि नेपालमा ट्राफिक व्यवस्थापनका लागि अभियान सञ्चालन गर्दै आउनु भएका विष्णुकुमार राई नेपालमा दुर्घटना बढिरहनुको प्रमुख कारण चालकहरुमा प्रशिक्षण र परीक्षणको कमी रहेको र लाइसेन्स दिने तरिका नै गलत भएको बताउनुहुन्छ।

“यातायात सञ्चालनको नियम संसारमा एउटै हुनुपर्छ तर नेपालमा चालकले गाडी नियन्त्रण गर्न सक्यो भने ठीक छ भनेर लाइसेन्स दिने चलन छ, त्यो गलत हो,” विदेशमा लामो समय ट्राफिक व्यवस्थापनको अनुभव बटुल्नु भएका अभियन्ता राई भन्नुहुन्छ, “चालकलाई राजमार्गमा, बस्ती भएका ठाउँमा र भत्किएको सडकमा कसरी चलाउने भनेर छुट्टाछुट्टै प्रशिक्षण दिनुपर्छ अनि कसरी चलाउँछ भनेर राम्रो परीक्षण गर्नुपर्छ।”

न्यूनीकरण गर्न के गर्ने ?

सवारी दुर्घटनाका कारणहरुमा चालकको लापरबाही, मादकपदार्थ सेवनजस्ता सदाबहार कारणसँगै केही मौसमी कारण पनि देखिन्छन्। विवाहको मौसममा हुने लापरबाही, हुस्सु लाग्ने महिनामा अगाडिको गाडी नदेख्दा ठोक्किने घटना पनि हुने गरेका छन्। यसको न्यूनीकरणका लागि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ। मादकपदार्थ सेवन र लागुऔषध सेवन परीक्षण गर्ने काम पनि गरिरहेको प्रहरी उपरीक्षक पौडेल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “लापसे (लागुपदार्थ सेवन) परीक्षण गर्न किट महँगो छ। यसको परीक्षणको कानुनी मान्यता पनि प्राप्त नभएकाले समस्या छ। दुर्घटना न्यूनीकरण गर्न आवश्यक प्रयास गरिरहेका छौं।”

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राई सडक दुर्घटनामा मानवीय त्रृटि कम गर्न स्कुलदेखि कलेजसम्म सडक दुर्घटनासम्बन्धी पाठ्यक्रम बनाएर पठनपाठन गराउनुपर्ने बताउनुहुन्छ। ट्राफिक प्रहरीको ध्यान राजस्व सङ्कलनमा मात्र गएको तर सचेतनामा कम रहेको बताउँदै उहाँ भन्नुहुन्छ, “हामीले आफ्नो तर्फबाट यातायात मजदुरलाई दुर्घटना न्यूनीकरणका लागि संवेदनशील बन्न सचेत गराउँदै आएका छौं। सबै क्षेत्रबाट न्यूनीकरणको पहल हुन जरुरी छ। दुर्घटना न्यूनीकरणका लागि राज्यले विशेष संयन्त्र बनाउनु आवश्यक छ।”

ट्राफिक व्यवस्थापन अभियन्ता विष्णुकुमार राई नेपालमा लाइसेन्स दिने प्रक्रिया लापरबाहीपूर्ण र सजिलो भएकाले चालकहरु दक्ष नभई सडकमा आउने गरेकाले दुर्घटना धेरै हुने गरेको भन्दै त्यस्तो प्रचलन रोक्नुपर्ने बताउनुहुन्छ। विदेशमा पनि नेपालीहरु दुर्घटना धेरै पर्ने कारण नेपालको प्रशिक्षण र परीक्षण कमजोर रहेको बताउँदै भन्नुहुन्छ, “गाडी चलाउनु भनेको आफू र धेरै मानिसको जीवन हातमा राखेर हिँड्नु हो। राम्रो प्रशिक्षण बिना सडकमा गाडी चलाउन रोक लगाउन सके मात्र दुर्घटना न्यूनीकरण गर्न सकिन्छ।”

गण्डकीको सोच- ‘आत्मनिर्भर र समुन्नत प्रदेश : सम्मानित प्रदेशवासी’

वासुदेव पौडेल

“प्रथम पञ्चवर्षीय योजनाको समीक्षाबाट प्राप्त पृष्ठपोषण, दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, प्रदेशवासीको आकाङ्क्षा र प्रदेश विकासको सम्भावनालाई दृष्टिगत गरी ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी’ लाई दोस्रो पञ्चवर्षीय योजनाको सोचका रुपमा तय गरिएको छ”, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे भन्नुहुन्छ।

प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको समयावधि सकिएसँगै दोस्रो पञ्चवर्षीय योजनाको तयारी गरिरहेको गण्डकी प्रदेश नीति तथा योजना आयोगले योजनाको आधारपत्र समेत सार्वजनिक गरिसकेको छ। बदलिँदो राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्य, विकासको नवीनतम् प्रवृत्ति र प्रदेशको सामर्थ्य तथा आवश्यकतालाई वस्तुपरक रुपमा विश्लेषण गरी पञ्चवर्षीय विकासको मार्गचित्रलाई कार्यान्वयन गर्न रुपान्तरणका प्राथमिक क्षेत्रहरू पहिचान गरिएको उहाँले बताउनुभयो।

दोस्रो पञ्चवर्षीय योजनामा उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्यलाई मार्गदर्शन गर्न प्रदेश नीति तथा योजना आयोगबाट गण्डकी प्रदेशको आधारपत्र तयार गरिएको गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा बताउनुहुन्छ। “गण्डकी प्रदेश अनुपम सम्भावना र उल्लेखनीय उपलब्धिका बाबजुद राजनीतिक स्थायित्व र जलवायुजन्य जोखिम व्यवस्थापनको चुनौतीका बीच सङ्घीयतामा आधारित विकासको संरचनागत रूपान्तरणको निर्णायक मोडमा उभिएको छ”, उहाँले भन्नुभयो, “यस प्रदेशमा प्राकृतिक तथा सांस्कृतिक सम्पदा, विशिष्ट पारिस्थितिकीय प्रणाली, सबल सामुदायिक संरचना तथा सम्बन्ध, उद्योगी र व्यवसायीको नवप्रवर्तन र उद्यमशीलताप्रतिको तीव्र चाहनालगायत विकास र समुन्नतिको अपार सम्भावना रहेको छ।”

आत्मनिर्भर र समुन्नत प्रदेश निर्माण गर्न समावेशिता, समानता र दिगो विकासको सिद्धान्तद्वारा निर्देशित सुशासन, सामाजिक न्याय र समुन्नतिको गन्तव्य तय गर्ने अटल प्रतिबद्धतालाई जोड दिइएको छ। गुणस्तरीय उत्पादन, रोजगारी तथा आय वृद्धि, मानव पूँजी निर्माण र सामाजिक न्याय स्थापना, सेवाप्रवाह र सुशासन अभिवृद्धिलगायत उद्देश्यमा आधारपत्रले जोड दिएको छ।

दोस्रो पञ्चवर्षीय योजनाको अवधारणापत्र र सोह्रौं योजनाको अवधारणापत्रसँग सामञ्जस्यता कायम गरी संरचनागत रूपान्तरणका १४ प्राथमिकताका क्षेत्र निर्धारण गरिएको उपाध्यक्ष देवकोटाले जानकारी गराउनुभयो। पोखरालाई पर्यटन राजधानी घोषणा गरिसकिएको गण्डकी प्रदेशमा मर्स्याङ्दी, कालीगण्डकी, मादी, चेपे तथा दरौंदी नदी तटीय क्षेत्र ठूला जलस्रोत, ऊर्जा र कृषि उत्पादन बृहत् आयोजना र जलाधार क्षेत्रमा संरक्षण, कृषि उत्पादन तथा प्रशोधन, पर्यटन र साना उद्यम व्यवसाय सिर्जना, विकास तथा स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता सूचीमा समावेश गरिएको छ। यसका लागि लगानी सम्मेलन, प्रदेश तथा स्थानीय तह साझेदारी, सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक सहकारी साझेदारी, सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीको अवधारणा अगाडि सारिएको देवकोटाले बताउनुभयो।

विद्यमान तथ्याङ्कअनुसार गण्डकी प्रदेशको प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन एक हजार चार सय ९२ अमेरिकी डलर छ जुन राष्ट्रिय औसत एक हजार तीन सय ९९ भन्दा बढी हो। मुलुकको आर्थिक वृद्धिदर १.८६ रहेकामा यस प्रदेशको आर्थिक वृद्धिदर ३.२६ प्रतिशत रहेको छ।

प्राकृतिक एवम् सांस्कृतिक विविधता रहेको गण्डकी प्रदेशमा दुई सय ९० वटा तालतलैया, ५० भन्दा बढी धार्मिक तथा सांस्कृतिकस्थल, दुई सयभन्दा बढी पर्यटकीय गन्तव्यस्थल छन्। यसै प्रदेशमा अन्नपूर्ण तथा मनास्लु संरक्षण, ढोरपाटन सिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र, पञ्चासे संरक्षण क्षेत्रलगायत पाँचवटा जैविक विविधता तथा पर्यटकीय क्षेत्र रहेका छन्। उत्तरमा तिब्बत र दक्षिणमा भारतसँग जोडिएको यस प्रदेशका प्राकृतिक एवम् सांस्कृतिक विविधतालाई पर्यटनसँग जोड्नु अपरिहार्य भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो।

गण्डकी प्रदेशको करिब ४६ प्रतिशत भूभाग चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैंचा (पार्क) र ढोरपाटन शिकार आरक्षभित्र पर्दछ। प्रदेशका यी संरक्षण क्षेत्रभित्र वैभवशाली जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरिदै आएको छ। जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन र विदेशी पर्यटकहरू आकर्षण गरी प्रदेशमा समुन्नति हासिल गर्न सहयोग पुर्‍याउने अध्यक्ष श्रेष्ठको भनाइ छ।

गण्डकी प्रदेशले उपलब्ध आर्थिक सम्भावना र अवसरलाई विकास र समुन्नतिसँग जोड्ने पहलस्वरूप आर्थिक रूपमा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रूपमा कार्यारम्भ गरेको योजना अयोगका उपाध्यक्ष देबकोटा बताउनुहुन्छ। प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना अवधिमा कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण र विकास निर्माणमा सार्थक प्रयास भएको उहाँले बताउनुभयो।

प्रथम पञ्चवर्षीय योजनामा प्रस्तावित भई कार्यान्वयनमा रहेका र प्रदेश समुन्नतिका लागि रूपान्तरणकारी देखिएका कार्यक्रम तथा आयोजनालाई प्रदेश सरकारको लगानी, प्रदेश स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग, निजी क्षेत्रको लगानीमा विकास तथा सञ्चालन हुने गरी दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरिएको आयोगले जनाएको छ।

> विद्यमान तथ्याङ्कअनुसार गण्डकी प्रदेशको प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन एक हजार चार सय ९२ अमेरिकी डलर छ जुन राष्ट्रिय औसत एक हजार तीन सय ९९ भन्दा बढी हो। मुलुकको आर्थिक वृद्धिदर १.८६ रहेकामा यस प्रदेशको आर्थिक वृद्धिदर ३.२६ प्रतिशत रहेको छ।

आयोगका अनुसार प्रदेश सरकारको लगानीमा सञ्चालन हुने गरी कोरला-त्रिवेणी सडक विकास आयोजना, दरौंदी-चेपे करिडोर कृषि तथा पशुपन्छीजन्य उत्पादन र औद्योगिक विकास आयोजना, लोकाहाखोला औद्योगिक क्षेत्र पूर्वाधार विकास आयोजना, क्यान्सर, हृदय रोग तथा मिर्गौला रोग विशिष्टीकृत अस्पताल निर्माण आयोजना, एकीकृत प्रदेश तथ्याङ्क प्रणाली विकास कार्यक्रम, विश्वविद्यालय, विद्यालय तथा समुदाय साझेदारी कार्यक्रमलगायत १५ वटा कार्यक्रम तथा आयोजना गर्ने भनिएको छ।

त्यस्तै प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रमअन्तर्गत राउण्ड फेवा तथा भ्यू फेवा विकास आयोजना, जलाशय तथा कृतिम ताल निर्माण आयोजना, कृषि तथा पशुपन्छी उत्पादन, विविधीकरण, औद्योगिकीकरण र बजारीकरण कार्यक्रमलगायत १९ वटा आयोजना तथा कार्यक्रम गर्ने उल्लेख छ। प्रदेश-सङ्घ साझेदारी कार्यक्रमअन्तर्गत नदी तटीय क्षेत्र (दरौंदी, चेपे, मर्स्याङ्दी, सेती-मादी, काली र आँधीखोला) एकीकृत विकास आयोजना, विद्यावत सहर विकास आयोजना, धौवादी फलाम उत्खनन् तथा प्रशोधन आयोजना, निर्यातयोग्य वस्तु उत्पादन तथा प्रवर्द्धन कार्यक्रमलगायत १७ वटा आयोजना तथा कार्यक्रम गरिने आयोगले जनाएको छ।

यसैगरी, वैदेशिक सहयोगमा सञ्चालन हुने कार्यक्रममा टनेल र अन्य नयाँ प्रविधिमा आधारित द्रुत सडक निर्माण आयोजना, विशिष्टीकृत (मुटु, मिर्गौला र क्यान्सर रोग) प्रदेश अस्पताल, पदमार्गको विस्तार, स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान, निर्माण र सञ्चालन, पोखरा लेक टु लेक तथा केभ टु केभ साइकल मार्ग निर्माण आयोजनालगायत नौ वटा आयोजना तथा कार्यक्रम गर्ने भनिएको छ। प्रदेशमा सार्वजनिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत आइसिटी इनोभेसन ल्याब विकास कार्यक्रम, कृषि, वन र जडिबुटीजन्य उत्पादन तथा प्रशोधन उद्योग सञ्चालन कार्यक्रम, साहसिक पर्यटन पूर्वाधार तथा सुविधा विकास तथा विस्तार आयोजनालगायत छवटा कार्यक्रम एवम् निजी क्षेत्रको लगानीमा साहसिक पर्यटन पूर्वाधार विकास तथा विस्तार आयोजना, बिरेठाँटी-मुक्तिनाथ-केबलकार आयोजना, पोखरा-पुम्दीकोट केबलकार आयोजना, दुलेगौंडा-ढोरबाराही केबुलकार आयोजना, पोखरा महाप्रभुधाम पर्यटन प्रवर्द्धन आयोजना आदि सञ्चालन गर्ने योजना छ।

प्रदेशको समृद्धि र विकासलाई लक्षित गर्दै प्रमुख हस्तक्षेपकारी कार्यक्रमका रुपमा पर्यटन विकासका लागि पोखरालाई पर्यटकीय राजधानीका रूपमा घोषणा तथा सो अनुरूप पर्यटन पूर्वाधारको विकास गर्ने योजना अघि सारिएको छ। एक जिल्ला एक पर्यटकीय गन्तव्य र एक स्थानीय तह बहुपर्यटन गाउँको प्रवर्द्धन; गुणस्तरीय पर्यटकलाई भित्र्याउने साथै पर्यटकको बसाइ अवधि लम्ब्याउने पर्यटन विशेष कार्यक्रम गर्ने भनिएको छ।

प्रदेशमा लगानी अभिवृद्धिका लागि स्वदेशी एवम् विदेशी लगानी अभिवृद्धिका लागि कानुनी प्रबन्ध; लगानीका क्षेत्र तथा आयोजनाको खोज, अनुसन्धान, पहिचान र विविधीकरण; संस्थागत सबलीकरण तथा बचत अभिवृद्धि कार्यक्रम; विप्रेषण आयलाई उत्पादन क्षेत्रमा लगानी प्रोत्साहन; सार्वजनिक-निजी साझेदारी लगानी तथा सहकार्यमा अभिवृद्धि; लगानीका क्षेत्र पहिचान तथा प्रत्यक्ष वैदेशिक लगानी अभिवृद्धि कार्यक्रम गर्ने उल्लेख छ।

त्यस्तै, औद्योगिक तथा व्यापार प्रवर्द्धनका लागि परम्परागत बजारको विस्तार तथा स्तरोन्नति, प्रतिस्पर्धात्मक डिजिटल क्षमताको विकास र विस्तार; निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न निजी क्षेत्र मैत्री वातावरण निर्माण गर्ने भनिएको छ। उत्पादन अभिवृद्धिलाई जोड दिँदै आयोगले कृषि पूर्वाधार निर्माण; मल तथा बीउबिजनको सहज उपलब्धताको व्यवस्था; जैविक खेती तथा उत्पादनमा प्रोत्साहन;.‘एक गाउँ एक उत्पादन’ तथा घरघरमा करेसाबारीको प्रवर्द्धन आदि कार्यक्रममा जोड दिएको छ।

तीनवटा स्रोतबाट लगानी

दोस्रो पञ्चवर्षीय योजनाको अवधिका लागि सार्वजनिक, निजी र सहकारी गरी तीनवटा स्रोतबाट लगानी गरिने उपाध्यक्ष देवकोटाले बताउनुभयो। सार्वजनिक क्षेत्रबाट कूल लगानीको ३७ प्रतिशत, निजी क्षेत्रबाट ५७ प्रतिशत र सहकारीबाट छ प्रतिशत लगानी हुने अनुमान गरिएको छ। सो अनुसार योजनावधिमा सार्वजनिक क्षेत्रबाट कूल रु चार खर्ब खर्ब ४५ अर्ब ३७ करोड रुपैयाँ, निजी क्षेत्रबाट रु छ खर्ब ७५ अर्ब १४ करोड र सहकारी क्षेत्रबाट रु ७२ अर्ब १५ करोड लगानी हुने अनुमान गरिएको छ।

सरकारले लगानीको अनुमान गर्दा त्यसका क्षेत्रहरू स्पष्ट रुपमा किटान हुनुपर्ने नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मी बताउनुहुन्छ। सातवटा प्रदेशमा सबैभन्दा कम सङ्घीय सहयोग पाउने प्रदेश गण्डकी रहेको उल्लेख गर्दै उहाँले त्यस्तो किन हुनपुग्यो त्यसको समीक्षा हुनु जरुरी रहेको बताउनुभयो।

जनताको आकंक्षालाई सम्बोधन गर्ने सरकारको लक्ष्य : प्रधानमन्त्री



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले जनताको आकांक्षालाई सम्बोधन गर्ने लक्ष्यलाई वर्तमान सरकारले विशेष ध्यान दिएको बताएका छन् ।

समाजवादी मोर्चाले मंगलबार आयोजना गरेको कार्यक्रममा उनले समाजवादको आधार तयार पार्ने उद्देश्यका साथ आफूले नयाँ कदम चालेको बताएका हुन् । प्रधानमन्त्रीले जोखिम मोलेर वामपन्थी शक्तिलाई एक ठाउमा ल्याउन प्रयास गरेको बताउदै सडकबाटै समाजवाद जन्माउन केन्द्रित हुनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले वर्तमान संविधानको प्रगतिशील कार्यान्वयनका लागि आपसी एकतालाई सुदृढ गर्दै अगाडि बढ्नुपर्ने बताए । देशभक्त, प्रगतिशील र समाजवादी शक्तिबीच एकता र सहकार्यको आवश्यकता औंल्याउँदै उनले थुप्रै चुनौतीका बीचबाट सुशासन, सामाजिक न्याय र समृद्धिलाई अगाडि बढाइएको बताए । जनताको आकांक्षालाई सम्बोधन गर्न जुन बेगबाट जानुपर्दथ्यो । त्यो अवस्था विगतको गठबन्धनबाट नदेखेपछि आफूले नयाँ निर्णय गरेकोसमेत उनको कथन छ ।

प्रधानमन्त्री दाहालले भ्रष्टाचारका विरुद्ध अभियान चलाउने, सरकारी सम्पत्ति व्यक्तिमा लैजाने र तस्करीका विरुद्ध सचेत अभियान चलाइएको उल्लेख गरे। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष ‘ प्रचण्ड’ले नेपालका समाजवादी, देशभक्त र राष्ट्रवादी एक ठाउँमा केन्द्रित हुने हो भने समाजवादलाई तीव्र गतिमा अगाडि बढाउन सकिने विश्वास पनि व्यक्त गरे।

“नेपाल यस्तो परिस्थितिमा छ, यहाँका समाजवादी एवं देशभक्त र राष्ट्रवादी एक ठाउँमा केन्द्रित हुने हो भने समाजवादलाई तीव्र गतिमा अगाडि बढाउन सकिन्छ । यस्तो सम्भावना भएको देश नेपाल नै हो”, प्रधानमन्त्री दाहालले भने, “त्यसकारण यही विषयलाई आत्मसात् गरेर मैले केही जोखिम र चुनौती मोलेरै भए पनि देशभक्त वामपन्थीहरूलाई एकतामा ल्याउने जमर्को गरेकै हो ।” समाजवादको जन्म कहाँबाट हुन्छ ? भन्ने तर्क आउने गरेको उल्लेख गर्दै उनले भने, “अन्ततः समाजवाद जन्मने भनेको सडकबाटै हो, किनकि जनता सडकमा हुन्छन् । पहिलो प्राथमिकता सडकले नै पाउनुपर्छ । समाजवाद जन्माउने जनताले हो ।”

पार्टीहरू जनतासँग जोडिए मात्रै शक्तिशाली हुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले समाजवादको तयारीका लागि सरकार, सदन र सडकलाई अधिकतम उपयोग गर्नुपर्ने बताउदै हरेक राजनीतिक दलले जनतालाई केन्द्रमा राख्नुपर्नेमा जोड दिएका थिए। यसपटक सुशासन, समृद्धि र सामाजिक न्यायका पक्षमा अगाडि बढ्ने जमर्को गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पुरानो गठबन्धनबाट जनताको आकांक्षाअनुसार काम हुन नसकेकाले समाजवादको आधार तयार गर्न नयाँ समीकरण बनाएको स्पष्ट पारे ।

उद्योगमन्त्री भण्डारी र कोरियाली राजदूत तइयोङबीच शिष्टाचार भेट

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क तइयोङबीच मंगलबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता भएको छ । नेपालको सामाजिक तथा आर्थिक विकासका लागि कोरिया महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रुपमा रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपालले कृषि, उद्योग र जलविद्युत् विकासका लागि कोरियन अनुभव, ज्ञान, सीप तथा प्रविधिबाट लाभान्वित हुन चाहेको उल्लेख गर्नुभयो ।

मन्त्री भण्डारीले राजदूत तइयोङसँग नेपालमा पछिल्ला दिनमा लगानीमैत्री वातावरण बन्दै गएकाले नेपालको जलविद्युत् तथा ऊर्जा क्षेत्रको विकासलगायत उत्पादनमूलक र अन्य क्षेत्रमा खुलेर सहयोग गर्न कोरिया सरकार एवं निजी क्षेत्रसमेतलाई आग्रह गर्नुभयो ।आगामी अप्रिल २८-२९ मा आयोजना हुने नेपालको लगानी सम्मेलनमा कोरियाली सरकार तथा निजी क्षेत्रको उल्लेख्य सहभागिताका लागि सहजीकरण गरिदिन पनि मन्त्री भण्डारीले आग्रह गर्नुभयो ।

नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कोरियाको व्यापार, उद्योग तथा ऊर्जा मन्त्रालयबीच व्यापार तथा लगानी प्रवर्द्धनको कार्यढाँचा स्थापना गर्न समझदारी पत्रको मस्यौदा कोरिया पक्षबाट नेपालले प्राप्त गरी सो मस्यौदामा अध्ययन तथा सरोकारवालासँग छलफल भइरहेको मन्त्री भण्डारीले जानकारी गराउनुभयो । नेपाल र गणतन्त्र कोरियाबीच रहेको सौहार्दपूर्ण सम्बन्ध पछिल्ला वर्षमा थप प्रगाढ एवं सुमधुर बन्दै गएकामा खुसी व्यक्त गर्दै मन्त्री भण्डारीले जनस्तरमा समेत मित्रता, समझदारी र आपसी सहयोगको निरन्तर अभिवृद्धि भइरहेको बताउनुभयो ।

नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको सन्दर्भ उल्लेख गर्दै उहाँले दुई देशबीचको सम्बन्धको सम्झनास्वरुप ‘ एभरेष्टिङ फ्रेन्डसिप’ नेपाल-कोरिया ५०औं वर्षगाँठ अङ्कित लोगो सार्वजनिक भएकोमा दुःखी व्यक्त गर्नुभयो ।कोरियाले अन्तर र्‍ाष्ट्रिय विकास सहयोग नियोग (कोइका) मार्फत विभिन्न क्षेत्रमा गरेको प्राविधिक सहयोग तथा जनशक्ति विकासमा पुर्‍याएको योगदान नेपालका लागि महत्वपूर्ण रहेको मन्त्री भण्डारीले उल्लेख गर्नुभयो । सो अवसरमा उहाँले अन्तरआबद्धता, पूर्वाधार विकास, ऊर्जा, व्यापार, पर्यटन, लगानी तथा जनस्तरको सम्बन्धलगायतका क्षेत्रमा कोरिया सरकारसँग साझेदारी बिस्तारमा नेपाल प्रतिबद्ध रहेको बताउनुभयो ।

हालैका वर्षहरूमा दक्षिण कोरिया नेपाली युवाका लागि वैदेशिक रोजगारीको प्रमुख गन्तव्य बनेको र नेपाली युवाका लागि रोजगारीका अवसर तथा कोरियाको आर्थिक विकासमा नेपाली श्रमशक्तिको प्रयोगबाट दुवै देशले लाभ लिने अवस्थाको सिर्जना भएको मन्त्री भण्डारीले उल्लेख गर्नुभयो ।पछिल्लो समयमा केही कोरियाली बहुराष्ट्रिय कम्पनीले नेपालमा लगानी बिस्तार गरेकामा खुसी व्यक्त गर्दै उहाँले लगानीका क्षेत्रमा दुई मुलुकबीच अपेक्षित रूपमा सहकार्य बिस्तार हुन नसकेको बताउनुभयो ।

मन्त्री भण्डारीले आगामी दिनमा नेपालमा कोरियाली लगानी थप बिस्तार भई उत्पादन तथा रोजगारी अभिवृद्धि हुँदै जानेमा विश्वास व्यक्त गर्नुभयो ।

गणतन्त्र कोरियाले नेपाललगायतका अल्पविकसित मुलुकलाई सामान्य ग्राह्यता प्रणालीमार्फत शून्य भन्सार महसुलसहितको सहज बजार पहुँचको सुविधा प्रदान गर्दै आएको उल्लेख गर्दै उहाँले सन् २०२६ मा अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुन लागेको सन्दर्भमा स्तरोन्नति पश्चात समेत सो सुविधाको निरन्तरताका लागि आग्रह गर्नुभयो ।नेपाली उद्योगको क्षमता अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गर्न निजी क्षेत्र लक्षित प्राविधिक सहायता बिस्तारका लागिसमेत मन्त्री भण्डारीले राजदूत तइयोङसित अनुरोध गर्नुभयो ।

सो अवसरमा राजदूत तइयोङले कोरियाली लगानीकर्ताले नेपालमा लगानी गर्न धेरै इच्छा देखाएकाले लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्री भण्डारीसित आग्रह गर्नुभयो । उहाँले लगानी गर्न मिल्ने क्षेत्र पहिल्याउन पनि आग्रह गर्नुभयो ।राजदूत तइयोङले मझौला उद्योग सञ्चालन गरेर रोजगारी सिर्जना गर्न कोरिया सरकार तयार रहेको बताउनुभयो । उहाँले सवारी साधनका पार्टपुर्जा ल्याउँदा र यहीँ ‘एसेम्बल’ गर्दा उही मूल्य पर्न जाने भएकाले भन्सार दर सहुलियत हुनुपर्नेमा धारणा राख्नुभयो ।

उहाँले ‘मेड इन नेपाल’प्रति कोरियाली जनता अति प्रभावित रहेकाले नेपाली मालसमानको निर्यातमा सघाउन कोरिया सरकार सकारात्मक रहेको जानकारी गराउनुभयो । कोरिया सरकारले नेपाललाई दिँदै आएको सहुलियत सन् २०२६ पछि पनि प्राप्त गर्ने वातावरणका लागि कोरिया सरकारको अर्थ मन्त्रलयमा आफूले कुरा गर्ने उहाँले सो अवसरमा बताउनुभयो । इपिएस प्रणालीमार्फत कोरिया पुगेका कामदारलाई कोरिया सरकारले दक्ष सीप सिकाएर उनीहरुलाई नेपाल फर्केपछि उत्पादनसित जोड्न सकिने राजदूत तइयोङको भनाइ थियो ।रासस

आर्थिक विकास र समृद्धिलाई प्रमुख प्राथमिकता : उपप्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले आर्थिक विकास र समृद्धिलाई प्रमुख प्राथमिकताका साथ अगाडी बढाईने बताएका छन् ।

समाजवादी मोर्चाले मंगलबार आयोजना गरेको कार्यक्रममा उनले असमानता, विभेद्लाई अन्त्य गर्दै आर्थिक विकास र समृद्धिलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाउनैपर्ने बताएका हुन् ।

वर्तमान सरकारले सुशासनलाई प्रमुख प्राथमिकतामा राखेको बताउदै उपप्रधानमन्त्री यादवले वर्तमान शासनप्रणाली र निर्वाचन प्रणालीको परिवर्तन नगरी समाजवाद स्थापना हुन नसक्ने र त्यसका लागि सबै तयार हुनुपर्नेमा जोड दिएका थिए । उनले सङ्घीयतालाई सबल बनाउन पनि सुधार जरुरी रहेको बताए । जातीय, धार्मिक, समाजिक विभेद् लाई अन्त्य नगरिकन सामाजिक न्यायसमेत प्राप्त नहुने र समाजवाद समेत प्राप्त नहुने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता राजन भट्टराईले समाजवाद कार्यान्वयन गर्नका लागि आर्थिक, सामाजिक विषयलाई ध्यान दिँदै विश्वका सफल उदाहरणको पनि अध्ययन जरुरी रहेको बताए ।

समाजवादीका बीचमा एकता नहुँदा लामो सङ्घर्षपछि प्राप्त व्यवस्था र संविधानलाई कार्यान्वयन गर्न गत्यावरोध उत्पन्न भएको उनको भनाइ थियो । नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले नेपाली जनतालाई स्वास्थ्य शिक्षा, रोजगारीको सहज रुपमा प्रबन्ध गर्नका लागि नेपाली मौलिकताको समाजवाद स्थापना गर्नुपर्नेमा जोड दिए । उनले यथास्थितिमा क्रमभङ्ग गरेर अगाडि जानुपर्नेमा आवश्यकता औंल्याउँदै नतातर्फ फर्कने र अधिकार सम्पन्न बनाउने कार्यक्रम जरुरी रहेको भनाइ राखेका थिए ।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्ट, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री, पूर्वराजदूत महेशमान मास्के, वरिष्ठ अधिवक्ता सुरेन्द्र महत्तो, प्राध्यापक डा खगेन्द्र प्रसाइँ, डा दिनेशराज भुजु, अधिवक्ता दीपेन्द्र झालगायतले नेपालको विशेषतासहितको समाजवादबारे आफ्नो धारणा राखेका थिए ।

जनताको हित सर्वोपरि : माधव नेपाल

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले समाजवादी र वामपन्थी शक्ति अगाडी बढाउनका लागि जनतालाई विश्वासमा लिनुपर्ने बताएका छन् ।

समाजवादी मोर्चाले मंगलबार आयोजना गरेको ‘नेपाली विशेषताको समाजवाद’ विषयक अन्तरक्रियालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताभित्र देखापरेको भ्रष्टीकरण, चरम व्यक्तिवादी अवसरवादको रोग देखिएको उल्लेख गर्दै समाज बदल्ने अगुवा भनिएकाहरू नै भ्रष्ट भएकामा पूर्वप्रधानमन्त्री नेपालले चिन्ता व्यक्त गरेका थिए । विकास र समृद्धिका लागि कुनै विषयले बाधा पुर्‍याएको खण्डमा त्यसलाई सुधार गरेर जानुपर्ने र आवश्यक परेको खण्डमा संविधान पनि संशोधन गर्नुपर्ने बताए ।

समय र समाजको गतिशीलतालाई बुझेर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै पूर्वप्रधानमन्त्री नेपालले विकास, समृद्धिको यात्रालाई अगाडि बढाउनुपर्ने धारणा राखेका थिए ।

निर्वाचन प्रणालीमा देखिएको विकृतिको अन्त्य गर्नु जरुरी रहेको बताउदै उनले आमरुपमा उठेको विषयलाई संवाद र छलफलका माध्यमबाट निष्कर्ष निकाल्नुपर्ने र देश र जनतालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम अगाडी बढाउनुपर्ने बताए ।

Madhesh Provincial Government
Ministry of Health and Population
Province Health Logistic Management Centre
Madhesh Province
Janakpur, Nepal

Notice of Intention to Award

Date of Notice: 3rdApril, 2024 (21thChaitra, 2080)

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PHLMC, Madhesh intends to award the contracts to the same.

S. N.	IFB no	Name of Successful Bidder	Total Amount NPR (Inclusive of VAT)
1	MP/PHLMC/NCB/GOODS-2/2080-81(The Procurement,Delivery and Supply of Albendazole and Ferrous Sulphate With Folic Acid)	Medi Sales Pharma, Bharatpur-12,Chitwan	1,78,50,000
2	MP/PHLMC/NCB/GOODS-3.1/2080-81(The Procurement and Supply of Basic Medicines(P-I)	G.H Medi Health Concern, Bhaktapur	8,42,40,400
3	RE_MP/PHLMC/NCB/GOODS-4/2080-81(The Procurement of Basic And Emergency Medicines(Small Volume Parenteral Dosage Form)	Bluemoon Meditech Pharma, Gairidhara, Kathmandu.	2,18,96,500
4	MP/PHLMC/NCB/GOODS-5.1/2080-81(THE PROCUREMENTOFMEDICINE(PARENTERAL DOSAGE FORM).	LAV MEDICAL HALL, JALESHWOR-4, MAHOTTARI	23506500
5	MP/PHLMC/NCB/GOODS-5.2/2080-81(THE PROCUREMENT OF SURGICAL ITEMS)	Bajrang General Stores, Janakpurdham	2021564.35
6	MP/PHLMC/NCB/GOODS-8/2080-81(THE PROCUREMENT OF MEDICINE FOR NON COMMUNICABLE DISEASE	Medi Sales Pharma, Bharatpur-12, Chitwan	8329000

The Director

प्रतिनिधिसभाबाट बिम्स्टेक बडापत्र अनुमोदित

काठमाण्डु । प्रतिनिधिसभाबाट बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) बडापत्र अनुमोदन भएको छ । प्रतिनिधिसभाको आजको बैठकमा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले राख्नुभएको ‘बिम्स्टेक बडापत्रलाई अनुमोदन गरियोस्’ भन्ने प्रस्ताव बहुमतबाट पारित भएको हो ।

बिम्स्टेक बडापत्रको प्रावधानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री श्रेष्ठले बिम्स्टेकको आवश्यकता र यसको बडापत्रको अनुमोदनका सन्दर्भमा सांसदले राखेका विषयसँग सरकार सहमत रहेको बताउनुभयो । बहुपक्षीय र क्षेत्रीय सङ्गठनमा नेपालले आफ्नो सहभागिता जनाउँदै त्यसमा सकारात्मक भूमिका खेल्दै आइरहेको उल्लेख गर्दै उहाँले संयुक्त राष्ट्र सङ्घजस्ता बहुपक्षीय विश्व संस्थामा नेपालको सहभागिता रहँदै आएको बताउनुभयो ।

“क्षेत्रीय सङ्गठनलाई पनि आफ्नो सहभागितासहित प्रभावकारिता बनाउने दिशातर्फ प्रयत्न गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “आफ्नो मुलुकको हित देख्ने मञ्चमा सहभागिता जनाउने र भूमिका खेल्ने हो ।” दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)लाई सक्रिय बनाउन नसकिएको यथार्थ सुनाउँदै सार्कलाई प्रभावकारी बनाउन थप पहलकदमी लिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

“बिम्स्टेक सार्कको प्रतिस्थापन होइन, हुन सक्दैन । सार्कलाई निष्क्रिय बनाउने बिम्स्टेक चलाउने विषयमा नेपाल सहमत छैन”, उहाँले भन्नुभयो, “हामी सार्कलाई प्रभावकारी बनाउने पक्षमा छौँ, अध्यक्षको हैसियतमा सक्रिय भूमिका खेल्नेछौँ ।”

सन् २०२२ मा श्रीलङ्कामा भएको पाँचौँ शिखर सम्मेलनमा नेपालसहित सबै सदस्य राष्ट्रले बडापत्रमा हस्ताक्षर गरेको जानकारी दिँदै उहाँले संसद्बाट अनुमोदन गरेपछि मात्रै कार्यान्वयनमा जाने स्पष्ट व्यवस्था रहेको बताउनुभयो । “नेपालबाहेक छ सदस्य मुलुकले संसद्बाट यो बडापत्रलाई अनुमोदन गरिसकेको सूचना प्राप्त भएको छ”, उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, “नेपालले अनुमोदन गरेको ३०औँ दिनपछि बडापत्र कार्यान्वयनमा जाने प्रावधान छ ।”

बिम्स्टेक बडापत्रको प्रावधानमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले बिम्स्टेक बडापत्र अनुमोदनको प्रक्रियाको स्वागत गर्नुभयो । बिम्स्टेकको प्रस्तावना, उद्देश्य तथा सिद्धान्त सकारात्मक रहेको उल्लेख गर्दै बडापत्रमा नेपालको सार्वभौमिकतामा आँच आउने प्रावधान नभएको बताउनुभयो । “आर्थिक समृद्धिको मुद्दामा क्षेत्रीय सहकार्य गर्ने उद्देश्यले बिम्स्टेक बल्ल जाग्दैछ, यसलाई हुर्काएर अघि बढाउन सक्यौँ भने नेपालको हित नै हुन्छ”, उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रघुजी पन्तले प्राविधिक, शैक्षिक र अनुसन्धानका विषयमा नेपालले बिम्स्टेकबाट लाभ लिन सक्ने बताउनुभयो । उहाँले भूराजनीतिक स्वार्थबाट जोगिएर राष्ट्रिय हितलाई सर्वोपरि राखेर अघि बढ्नुपर्नेमा जोड दिँदै क्षेत्रीय सङ्गठनबाट मुलुकले लिन सक्ने लाभका बारेमा सरकारको ध्यान जानुपर्ने बताउनभयो ।

नेपाली कांग्रेसका सांसद सीता मिजारले बिम्स्टेकबाट लाभ लिन सरकारले थप पहलकदमी लिनुपर्ने बताउनुभयो ।उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरु विद्या भट्टराई, दीपा शर्मा, ईश्वरी घर्ती, सुनिता बराल, एकनाथ ढकाल, मनिष झा, गणेश पराजुली, सोविता गौतम, प्रदीप यादव, देवेन्द्र पौडेल, माधव सापकोटा, नारायणी शर्मा, पूर्णबहादुर घर्ती मगर, अब्दुल खान, प्रेम सुवाल, सोनु मुर्मू, विनिताकुमारी सिंह र दामोदर पौडेल ‘वैरागी’ले भाग लिनुभयो ।

नेपालको संविधानको धारा, २७९ को (१) मा नेपाल पक्ष हुने सन्धि सम्झौताको अनुमोदन सङ्घीय कानुनबमोजिम हुने व्यवस्था रहेको छ । नेपालको सन्धि ऐन, २०२७ को दफा ४ मा नेपाल सरकार, मन्त्रिपरिषद्ले बडापत्र अनुमोदनका लागि सङ्घीय संसद्मा पेस गर्नुपर्ने व्यवस्था गरेको छ । सरकारले सोही व्यवस्थाअनुसार बिम्स्टेक बडापत्र अनुमोदनका लागि संसद्मा पेस गरेको हो ।

आर्थिक उन्नयन, सामाजिक प्रगति, वैज्ञानिक उपलब्धि, शान्ति, स्थायित्व र कनेक्टिभिटी जस्ता मुद्दामा क्षेत्रीय सहकार्य गर्ने उद्देश्यले सन् १९९७ मा बिम्स्टेकको गठन भएको थियो । बङ्गालको खाडी क्षेत्रमा रहेका पाँचवटा दक्षिण एसियाली राष्ट्र र दक्षिण पूर्वी एसियाली क्षेत्रका दुई राष्ट्रको सङ्गठन हो ।

बिम्स्टेकमा बङ्गलादेश, भूटान, भारत, म्यानमार, नेपाल, श्रीलङ्का र थाइल्यान्ड सदस्य छन् । नेपाल सन् २००४ मा बिम्स्टेकको सदस्य बनेको हो । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २१ गते बुधबार बिहान ११ बजे बस्नेछ ।रासस

उत्तर कोरियाद्वारा मध्यम दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार

एएफपी

सियोल । उत्तर कोरियाले मङ्गलबार मध्यम दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ । दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानले केही घन्टा पछि आणविक क्षमताको बी-५२ एच बमवर्षकहरू समावेश गरेको संयुक्त हवाई अभ्यास गरेको छ ।

प्योङ्याङको पछिल्लो प्रक्षेपण उत्तर कोरियाली नेता किम जोङ उनले नयाँ मध्य दूरीको हाइपरसोनिक मिसाइल (आईआरबीएम) को लागि ठोस-ईन्धन इन्जिन परीक्षणको निरीक्षण गरेको दुई हप्ता भित्रै भएको छ । दक्षिण कोरियाली सेनाका अनुसार मङ्गलबार बिहान प्रक्षेपण गरिएको मिसाइल दक्षिण कोरिया र जापानको बीचको पानीमा खस्नु अघि लगभग छ सय किलोमिटर उडेको जनाएको छ ।

संयुक्त सेना प्रमुखहरूले सेनाले प्रक्षेपणको विश्लेषण गरिरहेको बताएका छन् । गत महिना इन्जिन परीक्षेणमा प्रयोग गरिएको 'हाइपरसोनिक वारहेड' समावेश गरेको हुनसक्ने एक रक्षा अधिकारीलाई उद्धृत गर्दै योन्हाप समाचार एजेन्सीले जनाएको छ । उत्तर कोरियाले लामो समयदेखि उन्नत हाइपरसोनिक र ठोस ईन्धन प्रविधिमा सफलता हासिल गर्न खोजिरहेको छ । यी मिसाइलहरूलाई दक्षिण कोरियाली-अमेरिकी मिसाइल रक्षा प्रणालीलाई टक्कर दिई अमेरिकाको क्षेत्रीय सैन्य आधारलाई धम्की दिन सक्षम बनाउने प्रयास गरिएको छ ।

जनवरीमा, प्योङ्याङले हाइपरसोनिक वारहेडको साथ ठोस-ईन्धन 'आईआरबीएम' प्रक्षेपण गरेको बताएको थियो । त्यसपछि गत महिना 'नयाँ प्रकारको मध्यवर्ती दूरीको हाइपरसोनिक मिसाइल' को सफल इन्जिन परीक्षण गरेको थियो ।

हाइपरसोनिक मिसाइलहरू छिटो र मध्य उडानमा सञ्चालन गर्न सकिन्छ । तिनीहरूलाई नियन्त्रण गर्न र रोक्न गाह्रो हुने भएकाले ठोस-ईन्धन मिसाइलहरू प्रक्षेपण गर्नु अघि ईन्धन आवश्यक पर्दैन । प्रयोग गर्न छरितो रहेका मानिने ती मिसाइलहरूलाई फेला पार्न र नष्ट गर्न गाह्रो हुन्छ ।

सियोलको रक्षा मन्त्रालयले मङ्गलबार वासिङ्टन र टोकियोसँग संयुक्त हवाई अभ्यास गरेको छ । जसमा कोरियाली प्रायद्वीप नजिकै आणविक क्षमता बी-५२ एच बमवर्षक र एफ- १५ के लडाकू जेटहरू सामेल छन् ।

यो अभ्यासको उद्देश्य 'उत्तरको आणविक र क्षेप्यास्त्र खतराहरू विरुद्ध संयुक्त तयारी सुधार गर्नु रहेको' स्रोतले जनाएको छ । कोरिया एसोसिएसन अफ डिफेन्स इन्डस्ट्री स्टडीजका हान क्वोन-हीले भन्नुभयो, "मङ्गलबारको प्रक्षेपण ' प्योङ्याङको मिसाइल विकासको नवीन हिस्सा र यसमा हाइपरसोनिक हतियारहरू समावेश भएको जस्तो देखिन्छ ।

हतियारको संवेदनशील प्रकृतिलाई ध्यानमा राख्दै किमले रूसी सहयोगमा नभई घरेलु रूपमा यस्तो प्रविधि विकास गरिरहेको उहाँले बताउनुभयो ।

मस्को र प्योङ्याङबिचको कथित हतियार हस्तान्तरणको अनुसन्धानको बिचमा संयुक्त राष्ट्रसङ्घमा रूसी भिटोले उत्तर कोरियाली प्रतिबन्ध उङ्घलनको संयुक्त राष्ट्रसङ्घीय विशेषज्ञको अनुगमन समाप्त गरेको केही दिनपछि यो प्रक्षेपण भएको हो । उत्तर कोरियाले यस घटनाक्रमबारे अहिलेसम्म कुनै टिप्पणी गरेको छैन ।

दक्षिण कोरियाको आम चुनावमा मतदान गर्नुभन्दा एक हप्ता अघि प्रक्षेपण भएको छ । जसमा प्योङ्याङसँग कडा लाइन लिएका राष्ट्रपति युन सुक योलको पार्टीले संसद्मा आफ्नो पकडलाई पुनः बलियो बनाउन खोजिरहेको छ ।

"किम शासनले सैन्य क्षमतालाई अगाडि बढाउने र दक्षिण कोरियाली विधायिकी निर्वाचन अभियानको समयमा आफ्नो क्षमता देखाउने कुरालाई प्राथमिकता दिन्छ," सियोलको इवा विश्वविद्यालयका प्राध्यापक लेइफ-एरिक इस्लीले बताउनुभयो ।

भारतमा नेपाल लगातार दोस्रो खेलमा विजयी

टुडे समाचारदाता

काठमाण्डु । मैत्रीपूर्ण टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो दोस्रो खेलमा पनि नेपाल विजयी भएको छ । नेपालले भारतको बरोडालाई २७ रनले पराजित गरेको हो

गुजरातको वापीस्थित साई मेघपन स्पोर्टस् लाइफ मैदानमा बरोडाले टस जितेर पहिला फिल्डिङ राजेको थियो । नेपालले निर्धारित २० ओभरको खेलमा ६ विकेट गुमाउँदै एक सय ५६ रन बनायो । एक सय ५७ रनको विजयी लक्ष्य पछ्याउने क्रममा भारतको बरोडाले सवै विकेट गुमाएर एक सय २९ रन मात्र बनाउन सक्यो । यसअघि पहिलो खेलमा नेपालले भारतको गुजरातलाई आठ विकेटले हराएको थियो ।

बरोडासँगको खेलमा ब्याटिङ गर्ने क्रममा नेपालका लागि कुशल मल्लले अविजित ४० रन बनाए । उनले २५ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । त्यस्तै सन्दीप जोराले २९, कप्तान रोहितकुमार पौडेलले १८ र गुल्सनकुमार झाले १३ रन बनाए । बलिङतर्फ बरोडाका बाबा खानले दुई तथा पारीक्षित पाटीदार र मोहित मोङ्गीयाले एक एक विकेट लिए ।

यसैगरी बरोडाका लागि एक सय २९ रन बनाउने क्रममा भानु पानियाले ३६, बाबा खानले २७ तथा कप्तान विष्णु सोलङ्कीले २५ रन बनाए । बलिङतर्फ नेपालका करन केसीले तीन, सोमपाल कामी र अभिनाश बोहराले दुई दुई तथा गुल्सन झा र दीपेन्द्रसिंह ऐरीले एक एक विकेट लिए । नेपालले बुधबार दिउँसो २ः४५ बजे भारतको गुजरातसँग आफ्नो तेस्रो खेल खेल्नेछ ।

इजरायली सेना अल शिफा अस्पतालबाट फिर्ता

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । गाजा शहरको अल शिफा अस्पतालबाट इजरायली सेना फिर्ता भएपछि संयुक्त राष्ट्रसङ्घले आफ्नो सहयोगलाई त्यहाँको लक्ष्य बनाउने तयारी गरेको संयुक्त राष्ट्रसङ्घका एक प्रवक्ताले सोमबार बताउनुभएको छ ।

"मानिसहरूलाई उपचार गर्न र अस्पतालको अवस्था बुझ्न मद्दत गर्न सकियोस् भनी हामी जतिसक्दो चाँडो अस्पताल जाने योजना बनाइरहेका छौँ," संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसका प्रवक्ता स्टेफन दुजारिकले भन्नुभयो । यसैबीच मध्य गाजास्थित अल अक्सा अस्पतालमा आइतबार डब्लुएचओको एक टोलीले मानवीय सहायता अभियान सञ्चालन गरिरहेको बेला अस्पताल परिसरभित्र रहेको शिविरमा इजरायली हवाई आक्रमण भएको थियो । घटनामा चार जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन् ।

उहाँले इजरायली रक्षा बलले अल शिफा अस्पताल परिसर खाली गरेको भन्ने समाचार आएपछि यो कदम चालिएको बताउनुभएको हो । इजरायली सरकारबाट द्वन्द्व कम गर्न र उचित सुरक्षा आश्वासनको प्रतिक्षा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले गरिरहेको प्रवक्ताले बताउनुभयो । डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयेससका अनुसार उनीहरूले प्राप्त गरेको सूचना निकै निराशाजनक रहेको दुजारिकले बताउनुभयो ।

प्यालेस्टाइनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएले गाजा प्रवेश गर्ने मानवीय सामग्रीको परिमाणमा कुनै उल्लेखनीय परिवर्तन नभएको वा उत्तरमा पहुँचमा सुधार नआएको जनाएको छ । मार्च १ देखि ३० सम्म दैनिक औसत १५९ सहायता ट्रक गाजा प्रवेश गरेका छन् । बिहीबार सबैभन्दा बढी २६४ ट्रक गाजामा प्रवेश गरेका थिए । यो दैनिक ५०० ट्रक सञ्चालन लक्ष्यभन्दा निकै कम रहेको उहाँले बताउनुभयो ।

बाढीको जोखिमको भविष्यवाणी गर्न अष्ट्रेलियामा एआईको प्रयोग

सिन्ह्वा

सिड्नी । अष्ट्रेलियाको दक्षिणपूर्वी राज्य 'न्यू साउथ वेल्सले' मंगलबार बाढीको सम्भावित प्रभावहरूको भविष्यवाणी गर्न कृत्रिम बौधिकत्ता (एआई) र मोबाइल फोन नेटवर्कको प्रयोग गर्ने प्रविधिको परीक्षण गरिरहेको जनाएको छ ।

सरकारले एक मिडिया विज्ञप्ति मार्फत, यसले गर्दा गम्भीर मौसमी घटनाहरूमा समुदायहरूलाई जोगाउन मद्दत गर्न सक्ने उल्लेख गरेको छ । उक्त विज्ञप्तिमा वास्तविक-समय मौसम जानकारी दिन 'ब्यूरो अफ मेटियोरोलोजी डेटा' र बाढी जानकारीसँग जोडिएको उल्लेख गरिएको छ । र परिदृश्य (भिजुअलाइजेशन) र स्पेसियल डिजिटल ट्विन (प्रयोगकर्ताहरूलाई मोडेलहरूको रूपमा डेटाको विश्लेषण गर्न एकै ठाउँमा ठूलो मात्रामा डेटा व्यवस्थित गर्न सक्षम बनाउने) मार्फत परिदृश्य र निर्मित वातावरणमा परिवर्तनहरू प्रदर्शन गर्न सम्भव भएको भनिएको छ ।

पूर्वाधार र समुदायहरूमा जोखिमहरू भविष्यवाणीमा प्रयोग गर्न सकिने र राज्यको आपतकालीन सेवालाई लक्षित अलर्टहरू मार्फत प्रभावित समुदायहरूमा जानकारीको द्रुत प्रसारको लागि डेटाको सम्भावित रूपमा प्रयोग गर्न यसले मार्ग प्रशस्त गर्दछ ।यो मोडेलहरूमा ठूलो मात्रामा डेटा सवदृष्य गर्न र विस्तृत विश्लेषणहरू मार्फत डेटा बुझ्न र विश्लेषण गर्न अनुमति दिन्छ ।

राज्यका ग्राहक सेवा र डिजिटल सरकारका मन्त्री जिहाद दिबले "जलवायु परिवर्तनबाट प्रभावित बढ्दो गम्भीर मौसमको सामना गर्ने क्रममा राज्य आपतकालीन सेवालाई प्रविधिको साथ जानकारी छिटो पहुँच गर्न मद्दत गर्ने भन्नुभयो ।"

मन्त्रालयद्वारा क्यान र एन्फाको विस्तृत विवरण राखेपसंग माग

काठमाण्डु । युवा तथा खेलकुद मन्त्रालयले नेपालका नेपाल क्रिकेट संघ (क्यान) र अखिल नेपाल फुटबल संघ (एन्फा) को विस्तृत विवरण राष्ट्रिय खेलकुद परिषदसँग मागेको छ ।

नेपालका दुई चर्चित खेल फुटबल र क्रिकेटका विषयमा योजना, नीति तथा रणनीति तयार गर्न भन्दै मन्त्रालयले उनीहरुको विधान, आम्दानीको स्रोतलगायतका विवरण माग गरेको हो ।

मन्त्रालयले दुवै संघको पदाधिकारीको नाम, कार्यकारी भूमिकामा रहेका व्यक्तिको नाम, कर्मचारीहरुको विवरण, पछिल्लो ३ वर्षको प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन, भौतिक पूर्वाधार र उपकरणको विवरण, खेलको विकासका लागि प्रदेश र स्थानीय तहसम्मका सञ्जाल तथा गतिविधि माग गरेको छ ।

राष्ट्रिय खेलकुद परिषद
काठमाडौं, स्थापित: २०१५
National Sports Council
Kathmandu, Estd- 2015

त्यस्तै खेलको विकासका लागि सम्बन्धित संघबाट तयार भएका योजना, गुरुयोजना तथा कार्यक्रम, पछिल्लो ३ वर्षमा सहभागिता भएको अन्तरर्राष्ट्रिय प्रतियोगिता, पदाधिकारीले गरेको विदेश भ्रमणको विवरण पनि माग गरेको छ ।मन्त्रालयले १२ चैतमा यी विवरण क्यान र एन्फाबाट झिकाउन राखेपलाई पत्र लेखेको हो ।

मन्त्रालयको पत्र अनुसार क्यान र एनफालाई १८ चैतमा पत्र पठाएको राखेपले जनाएको छ ।

कजाकस्तानमा बाढीबाट प्रभावित १६ हजारको उद्धार

एएफपी

अल्माटी ।तीन दशकयता आएको सबैभन्दा भीषण बाढीपछि १६ हजार व्यक्तिको उद्धार गरिएको कजाकस्तानले मङ्गलबार बताएको छ ।

मुलुकको मौसम विज्ञान एजेन्सीले विशाल कजाख मैदानमा हिउँ पग्लिएकाले पानी अझै बढ्ने चेतावनी दिएको छ । कजाकस्तानको आपत्कालीन स्थिति मन्त्रालयले टेलिग्राममा एक पोस्टमा भनेको छ, "उद्धार कार्य जारी छ । छ हजार बालबालिकासहित करिब १६ हजार मानिसलाई पहिला नै निकालिएको छ ।"मन्त्रालयले रुसको सीमामा रहेको उत्तर र पूर्वका पाँच क्षेत्रमा स्थिति 'जटिल' रहेको भन्दै ५० बस्तीसँग सडक सम्पर्क विच्छेद भएको बताएको छ ।

कजाख राष्ट्रपति कासिम-जोमार्ट टोकायेभले बाढीका लागि तयार नभएकामा सोमबार सार्वजनिकरूपमा सरकारी अधिकारीहरूलाई गाली गर्नुभयो । "विज्ञहरूको कमीका कारण पूर्वानुमानको काम पूर्णतः अनुपस्थित थियो", उहाँले भन्नुभयो, "स्थानीय नेताहरूले योजनाबद्ध तरिकाले बाढी नियन्त्रणको उपाय गरेका भए मौसमको अवस्थालाई ध्यानमा राख्दा पनि विपद्को नतिजा र मापन कम हुनसक्थ्यो ।"

प्रधानमन्त्री ओल्जास बेक्टेनोभले मङ्गलबार बाढीबाट प्रभावितहरू पहिला कहिले पनि प्रभावित नभएको बताउनुभयो । उहाँले प्रभावित क्षेत्र खाली गर्ने आह्वानको विरोध नगर्न नागरिकहरूसँग आग्रह गर्नुभयो । आपत्कालीन मन्त्रालयले जारी गरेको भिडियो फुटेजमा मानिसहरूको उद्धार गरिनुका साथै बढ्दो पानीमा फसेका ऊँटहरूलाई रबरको डुङ्गामा लैजाँदै गरेको देखाइएको छ ।

गाजा आक्रमणमा खाद्यान्न झार्दैं गरेका सात सहायताकर्मीको मृत्यु

एएफपी

गाजा क्षेत्र । अमेरिकास्थित एक परोपकारी संस्थाले साइप्रसबाट समुन्द्री मार्ग हुँदै गाजामा वितरण गर्न लगिएको खाद्यान्न सामग्री झार्न्ने क्रममा इजरायली आक्रमणमा आफ्ना सात कर्मचारीको मृत्यु भएपछि गाजाको सहायता अभियान स्थगन गरिएको मङ्गलबार जनाएको छ ।

इजरायली सेनाले अल-शिफा अस्पताल र त्यस वरपर दुई हप्ता लामो सैन्य अभियानलाई समाप्त गरेपछि सोमबारको मृत्यु भएको हो । आक्रमणमा इजरायली सेनाले घेरिएको क्षेत्रको अस्पतालको सबैभन्दा ठूलो भवन जलेको र भग्नावशेषमा परिणत बनेको छ ।

"गाजामा आईडीएफको आक्रमणमा हाम्रो टोलीका सात जना सदस्य मारिएका छन्," अमेरिकास्थित च्यारिटी 'वर्ल्ड सेन्ट्रल किचन'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मृत्यु हुनेमा अस्ट्रेलिया, पोल्याण्ड, संयुक्त अधिराज्य, अमेरिका र क्यानडाका नागरिक र प्यालेस्टाइनका नागरिक रहेको र त्यसको जवाफमा उसले यस क्षेत्रमा आफ्नो अभियान रोकेको घोषणा गरेको छ ।

सहायता समूहले भनेको छ, "इजरायली सेनासँग समन्वयकारी गतिविधिसँगै सहायतासहित पुगेका ट्रकबाट १०० टन भन्दा बढी मानवीय खाद्य सहायताका लागि सामान झारी देइर अल-बलाह गोदामबाट बाहिर निस्कँदै गर्दा आक्रमण गरिएको जनाएको छ ।

इजरायली सेनाले यस दुखद घटनाको परिस्थिति बुझ्न उच्च स्तरमा गहन समीक्षा गरिरहेको र प्यालेस्टिनीहरूलाई सहायता प्रदान गर्ने प्रयासमा 'डब्ल्यूसीकेसँग नजिकबाट काम गरिरहेको' बताएको छ ।

चौतर्फी आलोचना

सोमबार गाजामा मानवीय सहायता प्रदान गर्ने क्रममा पाँच मानवीय सहायताकर्मीको मृत्यु भएपछि विश्व समुदायबाट यस घटनाको चौतर्फी आलोचना भएको छ ।

अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले गाजामा सहायता वितरण गने क्रममा मारिएका एक अष्ट्रेलियाली नागरिकको मृत्युमा पूर्ण जवाफदेहिताको माग गर्नुभएको छ ।

अल्बानिजले मानवीय सहायताका लागि काम गर्ने संस्था वर्ल्ड किचन (डब्लुसिके) को अभियानमा काम गरिरहेकी अस्ट्रेलियाली नागरिक जोमी फ्र्याङ्कमको गाजामा हवाई आक्रमणबाट मृत्यु भएको खबरलाई पुष्टि गर्दै यस्तो माग गर्नु भएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै अल्बानिजले फ्र्याङ्कमको मृत्यु पूर्ण रूपमा अस्वीकार्य भएको र विदेश मामिला तथा व्यापार विभागले इजरायली राजदूतसँग भेट गर्न अनुरोध गरेको बताउदै उक्त घटना उचित परिस्थिति भन्दा बाहिर गएर भएको बताउनुभएको छ । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्की प्रवक्ता एड्रिएन वाट्सनले ह्वाइट हाउसह्वाटपूर्ण र यस आक्रमणबाट निकै चिन्तित भएको बताउनुभएको छ ।

उहाँले एक्समा लेख्नुभएको छ, "अति आवश्यक पर्ने सहायता प्रदान गर्ने मानवीय सहायताकर्मीहरूलाई सुरक्षाको प्रत्याभूत हुनुपर्छ ।

"एएफपीका एक फोटोग्राफरका अनुसार शवलाई मध्य शहर देइर अल-बालाहस्थित अस्पतालको शवगृहमा लगिएको छ ।

झिनो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। मंगलबार नेप्से परिसूचक एक दशमलव ८५ प्रतिशतले घटेर दुई हजार १० दशमलव २१ को बिन्दुमा कायम भएको हो। मंगलबार तीन सय १२ कम्पनीको ६१ लाख ३१ हजार छ सय २१ कित्ता शेयर ४६ हजार दुई सय ३५ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब २९ करोड १६ लाख ४५ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ।

मंगलबारको कारोबारमा वित्त समूह शून्य दशमलव ०३, लगानी शून्य दशमलव ०४, जीवन बीमा शून्य दशमलव १९, लघुवित्त एक दशमलव ८९, म्युचुअल फन्ड शून्य दशमलव ३० र व्यापार समूह शून्य दशमलव ३२ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ। मंगलबार बैंकिङ शून्य दशमलव १८, विकास बैंक शून्य दशमलव १६, होटल तथा पर्यटन शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३३, निर्जीवन बीमा शून्य दशमलव १७ र अन्य समूह शून्य दशमलव ७५ प्रतिशतले घटेको छ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने गणपत्ति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९५ र उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ६४ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने ज्योति विकास बैंक बण्ड-२०८७ को शेयर मूल्य सात दशमलव ५० प्रतिशतले घटेको छ।कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै गुर्खाज फाइनान्स लिमिटेडको रु १४ करोड ९८ लाख ८४ हजार नौ सय एक बराबरको शेयर कारोबार भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फण्डको तीन लाख २० हजार तीन सय ६४ कित्ता शेयर किनबेच भएको छ।रासस

बङ्गलादेशसँग दश वर्षदेखि लगातार व्यापार घाटा

आर्थिक वर्ष २०८०/८१ को चालु आठ महिनामै रु दुई अर्ब ४३ करोड आठ लाख ९० हजार व्यापार घाटा रहेको मेची भन्सार कार्यालयले जनाएको छ ।

झापा । नेपालले एक दशकयता बङ्गलादेशसँगको व्यापारमा लगातार घाटा बेहोरिरहेको छ। आर्थिक वर्ष २०८०/८१ को चालु आठ महिनामै रु दुई अर्ब ४३ करोड आठ लाख ९० हजार व्यापार घाटा रहेको मेची भन्सार कार्यालयले जनाएको छ।

नेपाल र बङ्गलादेशबीच व्यापारका लागि सबैभन्दा छोटो र सहज मार्गका रुपमा पूर्वीनाका काँकरभिट्टाबाट भारतको फूलबारी हुँदै बङ्गलादेशको बङ्गलाबन्ध सुख्खा बन्दरगाह छिचोल्ने ५२ किलोमिटरकोपारवहनमार्गप्रयोगहुँदैआएको छ।नेपाल,भारतरबङ्गलादेशबीचकोत्रिदेशीय समझदारीअनुसार भूपरिवेष्ठित मुलुक भएकाले नेपालले यो सोझो पारवहनमार्ग पाएको हो। त्रिभुवन विमानस्थलको हवाई मार्गमार्फत हुने व्यापारको अंश निकै कम छ।

मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार आर्थिक वर्ष २०७१/७२ यता नेपालले बङ्गलादेशसँगको व्यापार कुनै पनि वर्ष सन्तुलनमा ल्याउन सकेको छैन।

चालु आवको आठ महिनामा बङ्गलादेशबाट रु दुई अर्ब ५९ करोड ६५ लाख ३१ हजार मूल्य बराबरको मालसामान आयात भएको मेची भन्सार कार्यालयले जनाएको छ। सोही अवधिमा बङ्गलादेशतर्फ रु १६ करोड ५६ लाख ४२ हजार मूल्य बराबरको सामान निर्यात भएको छ।

बङ्गलादेशसँग आव २०७९/८० मा रु पाँच अर्ब १८ करोड नौ लाख १३ हजार, आव २०७८/७९ मा रु १० अर्ब ३८ करोड ३० लाख ३५ हजार, आव २०७७/७८ मा रु छ अर्ब ५४ करोड ७४ लाख एक हजार, आव २०७६/७७ मा रु चार अर्ब २४ लाख आठ हजार, आव २०७५/७६ मा रु दुई अर्ब ४४ करोड ५० लाख ३७ हजार र आव २०७४/७५ मा रु ४५ करोड ५५ लाख ६५ हजार व्यापार घाटा भएको भन्सारको तथ्याङ्क छ।

यसैगरी, आव २०७३/७४ मा रु दुई अर्ब ८६ करोड ८९ लाख ८१ हजार र आव २०७१/७२ मा रु एक अर्ब ४० करोड ९७ लाख १३ हजार व्यापार घाटा भएको छ। त्यसअघिका चार वर्ष बङ्गलादेशसँगको व्यापारमा नाफामा रहेको देखिन्छ।

आव २०७०/७१ मा आयातको तुलनामा रु ६० करोड ७७ लाख १२ हजार मूल्य बराबरको सामान बङ्गलादेश निर्यात भएको थियो। उक्त आवमा बङ्गलादेशबाट रु एक अर्ब ४८ करोड ९० लाख ४२ हजार मूल्य बराबरको मालसमान आयात भएको थियो भने नेपालबाट रु दुई अर्ब नौ करोड ६७ लाख ५४ हजार मूल्य बराबरको सामान बङ्गलादेश निर्यात भएको थियो।

यसैगरी, आव २०६९/७० मा रु ५८ करोठ २७ लाख ४९ हजार, आव २०६८/६९ मा रु एक अर्ब १४ करोड ९० लाख ११ हजार र आव २०६७/६८ मा रु दुई अर्ब ३९ करोड ६९ लाख ११ हजार व्यापार नाफा भएको मेची भन्सार कार्यालयले जनाएको छ।

मेची उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष कपिल क्षेत्रीले बङ्गलादेशमा नेपाली उत्पादन निर्यात गर्ने विषयमा सरकारले चासो बढाउनुपर्ने धारणा राख्नुभयो । चार वर्षदेखि पूर्वीनाका (स्थलमार्ग)बाट बङ्गलादेशी पर्यटक आगमनमा भारतीय पक्षको नीतिगत अवरोध भइरहेको जनाउँदै उहाँले पर्यटक आगमनको वातावरण बनाउन सके व्यापारमासमेत चलहपहल बढ्ने बताउनुभयो।

"कोभिडदेखि काँकरभिट्ठाबाट बङ्गलादेशी पर्यटक आउन ठप्प भइरहेको छ", उहाँले भन्नुभयो, "नेपाली अलैंची, अदुवा, इस्कुस, किबी जस्ता कृषि उपजको बङ्गलादेशमा ठूलो माग छ। निर्यात कसरी गर्ने भन्ने बारेमा नेपाली पक्षले छलफल नै चलाएको छैन।"रासस

'नेपालको अर्थतन्त्र सुधारोन्मुख छ'

काठमाण्डु । विश्व बैङ्कले नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको जनाउँदै चालू आर्थिक वर्षमा तीन दशमलव तीन प्रतिशत आर्थिक वृद्धिदर कायम रहने प्रक्षेपण गरेको छ।

पाँच महिनाअघि बैङ्कले यो वृद्धि तीन दशमलव नौ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको थियो। बैङ्कले मंगलबार आफ्नो अर्धवार्षिक आर्थिक परिदृश्य सार्वजनिक गर्दै आगामी आवमा देशको आर्थिक वृद्धि चार दशमलव ६ प्रतिशत हुने प्रक्षेपण पनि गरेको छ।

पर्यटन सेवा र औद्योगिक क्षेत्रको योगदानसहित ऊर्जा र विप्रेषणको क्षेत्रमा भएको सुधारलाई आधार मानेर बैङ्कले उक्त प्रक्षेपण गरेको हो। आर्थिक परिदृश्य सार्वजनिक गर्दै मालदिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैङ्कका देशीय निर्देशक फरिस हदाद जर्भोशले पुँजीगत खर्च विस्तार, व्यावसायिक मनोबल वृद्धि र नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता वृद्धि र गरिबी घटाउन भएका प्रयास सराहनीय रहेका बताउनुभयो।

उहाँले रोजगारी सृजना, व्यापारमा खुलापनको वृद्धि, व्यावसायिक वातावरण र संस्थाहरुको सुधार, वित्तीय क्षेत्रको प्रतिबन्ध फुकुवा, शैक्षिक सुधार र महिला अधिकारको कानुनी संरक्षणको सुदृढीकरण गर्न सुझाउनुभयो। उहाँले रोजगारी वृद्धि र उत्पादन बढाउन तथा जलवायु अनुकूलनमा सार्वजनिक लगानीका निम्ति आधार तयार गर्न आवश्यक भएकामा जोड दिनुभयो। नेपालले आर्थिक विकासका निम्ति गरेको सुधार सराहनीय रहेको भन्दै देशीय निर्देशक जर्भोशले तीन तहकै सरकार मिलेर निजी लगानी प्रवर्द्धनमा सघाउनुपर्ने बताउनुभयो।रासस

व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी

भजनी । पैसा कमाउन जागिर गर्नैपर्छ वा विदेश जानुपर्छ भन्ने मान्यतालाई कैलालीको जानकी गाउँपालिका वडा नं ५ का उद्यमी एन्जिल चौधरीले गलत साबित गर्नुभएको छ । व्यावसायिक च्याउखेतीमा लाग्नुभएका चौधरीले गाउँमा नमुना किसानको परिचय बनाउनुभएको छ।

विसं २०७६ मा सुरु गरेको च्याउखेतीले उहाँलाई सफल किसान बनाएको छ । उहाँले व्यवसायलाई बढाउँदै लैजानुभएको छ । "मैले सिजनअनुसार छ किसिमका च्याउको खेती गर्दै आएको छु, बेमौसममा उत्पादन भएको च्याउले बजारको मागलाई पूरा गर्न सकिएको छैन । उत्पादन भएको च्याउ बिक्रीका लागि बजार पुग्नै पर्दैन । घरबाटै सबै बिक्री हुन्छ", उहाँ भन्नुहुन्छ।

चौधरीले हिउँदमा कन्यालगायत प्रजातिको च्याउ उत्पादन गर्दै आउनुभएको छ। गर्मीमा ब्लुक्याप, पिङ्की च्याउ उत्पादन गर्दै आएका उहाँले बर्खामा दुधेच्याउ लगाउँदै आउनुभएको छ । लगानीका हिसाबले तेब्बरभन्दा बढी आम्दानी लिन सकिने व्यवसायबाट वार्षिक रु सात लाखसम्म आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ । "लगानीको तुलनामा आम्दानी अधिक छ। त्यसैले व्यवसाय विस्तार गरेको छु", उहाँ भन्नुहुन्छ, "परिवारका अन्य सदस्यलाई पनि व्यवसायमा जोडेर काम गरिरहेको छु।" उहाँले च्याउखेतीमात्रै नभई बेमौसमी तरकारीखेती र तरकारीको बेर्ना पनि उत्पादन गर्दै आउनुभएको छ । अहिले उहाँको तरकारी बारीमा बेमौसमी तरकारी उत्पादन भइरहेको छ। "च्याउखेतीबाट बचेको समय बेमौसमी तरकारीमा लगाउने गरेको छु । तरकारीका बेर्नाबाट पनि प्रशस्त आम्दानी हुन्छ, तरकारी र तरकारीको बेर्नाबाट वार्षिक रु चारदेखि पाँच लाख आम्दानी हुन्छ", उहाँले भन्नुभयो । राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइबाट बीउमा अनुदान पाउनुभएका उहाँलाई गाउँपालिकाले प्राविधिक सहयोग गर्दै आएको छ।

जानकी गाउँपालिका-४ कञ्चनपुरका श्रीराम कठरिया २०७२ सालदेखि च्याउखेतीमा हुनुहुन्छ । उहाँले च्याउखेतीमा करिब रु ५० लाख लगानी गरिसक्नुभएको छ। व्यवसायबाट अहिलेसम्म भएको आम्दानी उहाँले व्यवसाय वृद्धिमा नै लगाउनुभएको छ । "मैले नौ वर्ष गरेको आम्दानी यही व्यवसायमा भएको लगानी हो। करिब रु ५० लाख लगानी भइसकेको छ, आजसम्म भएको आम्दानी लगानीमा सकियो । अबको आम्दानी बचतमा जान्छ", उहाँ भन्नुहुन्छ । च्याउखेतीका लागि उहाँले एसी प्लान्ट जोड्नुभएको छ। जहाँ एकैपटक एक हजारभन्दा बढी च्याउ राख्न मिल्छ। च्याउखेतीसँगै केरा, तरकारी र मकैखेती गर्दै आउनुभएका कठरिया अहिले सबै छाडेर च्याउ उत्पादनमा व्यस्त हुनुभएको छ। उहाँले गाउँका अन्य युवालाई पनि व्यावसायिक खेतीका निम्ति प्रेरित गर्दै आउनुभएको छ।

जानकी गाउँपालिकाकै ममता चौधरीले स्नातक तहको अध्ययनसँगै च्याउखेती सुरु गर्नुभयो । पढ्दै खेतीमा लाग्नुभएकी उहाँलाई एन्जिल चौधरीले सिकाउनुभएको थियो । रासस

लागत घटाउन किसानलाई कृषि औजार वितरण

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै लागत घटाउन कृषि औजार वितरण गर्न थालेको छ । परम्परागत खेती प्रणालीमा लागत बढी लाग्ने र किसानलाई लाभ नहुने भएपछि गाउँपालिकाले किसानलाई मागमा आधारित कृषि औजार तथा उपकरण वितरण गर्न थालेको हो।

गाउँपालिकाले आठ किसानलाई मिनिटेलर हलो, एक जनालाई कोदो चुट्ने मिल, चार जनालाई पिस्ने मिल गरी १३ जनालाई कृषि उपकरण वितरण गरिएको कृषि शाखाका प्राविधिक सहायक हेमन्तबहादुर शाहीले जानकारी दिनुभयो । कृषि पेसालाई आधुनिकीरण गरी उत्पादन बढाउन रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत उपकरण सहयोग गरिएको उहाँले बताउनुभयो।

गाउँपालिकाको केन्द्र पोखरेबगरमा एक कार्यक्रमबीच गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी लगायतले किसानलाई औजार र उपकरण वितरण गर्नुभएको हो। कृषिलाई आधुनिकीकरण गर्दै किसानको लागत घटाउन कृषि उपकरण वितरण गरिएको गाउँपालिका उपाध्यक्ष पुनले बताउनुभयो।

गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानसँगको लागत सझेदारीमा रु छ लाख ३५ हजार बराबरका उपकरण हस्तान्तरण गरेको जनाएको छ। गाउँपालिकाले यसअघि ७५ प्रतिशत लागत साझेदारीमा गाउँपालिकाको रु चार लाख ५० हजार र साझेदारीमा किसानबाट रु एक लाख गरी कूल रु पाँच लाख ५० हजारको बजेटबाट मागअनुरुप कृषि यान्त्रीकरण सामग्री वितरण गरेको थियो।

उक्त कार्यक्रममा पाँच मिनिटेलर, पाँच फलफूलको हाँगा काँटछाँट गर्ने सिकेचर, पाँच आरी, नौ भऱ्याङ र दुई तौल मेसिन वितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो। रासस

विषादीरहित उत्पादनका निम्ति किसानलाई अनुदान

इलाम। सूर्योदय नगरपालिका-१ सीमधापका दिलकुमार लिम्बूले नगरपालिकाबाट अनुदानमा 'टनेल' पाएपछि विषादीरहित मल (रासायनिक पदार्थ प्रयोग नभएको) हालेर व्यावसायिक गोलभैंडाखेती गर्ने सोचमा हुनुहुन्छ।

"अब अलि धेरै गोलभैंडाको दल राखेर खेतीलाई व्यावसायिक बनाउने विचारमा छु, आवेदन दिएको थिएँ पालिकाले दियो। अब यसलाई सदुपयोग गरेर खेती विस्तारतिर लाग्छु", लिम्बू भन्नुहुन्छ । सोमबार सूर्योदय नगरपालिकाले एक सय छजना किसानलाई 'मल्चिङ' प्रविधिका लागि प्लास्टिक र एक सय २९ किसानलाई 'प्लास्टिक टनेल' वितरण गरेको छ । नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम 'एक घर एक करेसाबारी' नीतिअन्तर्गत 'किसानसँग समृद्धि अभियान' नाराका साथ ५० प्रतिशत अनुदानको कार्यक्रम भइरहेको नगरपालिकाका आर्थिक विकास समिति संयोजक देवेन्द्र आचार्यले बताउनुभएको छ । किसानलाई प्राङ्गारिक खेतीतर्फ आकर्षित गराउन प्रविधि हस्तान्तरण गरिएको उहाँले बताउनुभयो।

"चौधवटै वडाबाट प्राप्त अनुदानका आवेदनमा वडाले प्राथमिकता तोकेर पठाएका एक सय २९ जनालाई प्लास्टिक टनेल र एक सय छ जनालाई मल्चिङ प्रविधिका लागि प्लास्टिक वितरण गरेका छौं, वडाहरूबाट पाँच सयभन्दा बढी किसानका लागि माग भए पनि हाम्रो अहिलेको बजेटले भ्याएअनुसार वितरण गरिएको छ", संयोजक आचार्यले भन्नुभयो।

तरकारीमा मोटो रकम बाहिर गइरहेको अवस्थालाई परिवर्तन गरेर यहीं तरकारी उत्पादनमा किसानलाई प्रोत्साहन गर्न र आर्थिक विकास गर्ने उद्देश्य राखेर किसानलाई प्रविधिमा अनुदानका कार्यक्रम ल्याइएको आर्थिक विकास समितिका संयोजक आचार्यले बताउनुभयो । "अकबरे खुर्सानीखेतीलाई प्राथमिकतामा राखेर प्लास्टिक वितरण गरेका हौं । खुर्सानीखेती मल्चिङ गर्दा जमिनको तापक्रम कायम रहने र झार नपलाउने भएकाले किसानको समय बचत हुन्छ", उहाँले भन्नुभयो, "सूर्योदयका अधिकांश किसानले अकबरेको व्यावसायिक खेती सुरु गरिसक्नुभएको छ।"

नगरपालिकाले यहाँका व्यावसायिक किसानलाई 'मिनीटिलर, काउम्याट, च्यापकटर'लगायत प्रविधि वितरण गरिरहेको छ । तीन सय थान चिया काट्ने हाते मेसिन वितरण धमाधम भइरहेको छ। सूर्योदयको चिया उत्पादनलाई गुणस्तरीय बनाउन पेट्रोल, डिजेलको साटो ब्याट्री र बिजुलीबाट सञ्चालन हुने 'मेसिन' किसानलाई वितरण गरिएको उहाँले बताउनुभयो।

"सूर्योदयका करिब ८० प्रतिशत किसान चियाखेतीमा आबद्ध भए पनि चिया टिपाइमा सुधार हुन नसक्दा अन्तर्राष्ट्रिय बजारमा यहाँको चियाले प्रतिस्पर्धा गर्न सकेको छैन । गुणस्तर वृद्धिका लागि किसानलाई अनुदानमा मेसिन दिइएको हो", संयोजक आचार्यले भन्नुभयो ।रासस

Janakpurdham Sub-Metropolitan City
Office of the Municipal Executive
Janakpurdham, Dhanusha
Madhesh Province, Nepal

Invitation for Electronic Bids

Date of First publication: 2080-12-20 (2ndApr 2024)

1. Janakpurdham Sub-Metropolitan City has allocated funds for Procurement &Construction of below Mentioned Works. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

Contract No.	Description of Work	Estimated Amount Excluding VAT	Bid Security Amount	Last Date of Bid Submission	Bid Document Fee.
JSMC/SQ/WORKS/01/2080-081	wada no 2 ma raheko dirghikasar pokhari ko pidhko jharpat safa tatha mato khanne kaarya	1731584.68	50,000.00	17-04-2024 12:00	1000.00
JSMC/NCB/WORKS/02/2080-081	Construction of 150 mm Dia X 200 m Depth deep tubewell at Janakpurdham -04 (Ram Mandir),Dhanusha	3007570.41	90,000.00	02-05-2024 12:00	3000.00

Chief Administrative Officer

आरती साह प्रकरणः

पीडित परिवारजनद्वारा पुनः आन्दोलनको चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । आरती साह मृत्यु प्रकरणमा छानबिनसहित कारबाही प्रक्रियामा ढिलासुस्ती भएको भन्दै पीडित परिवारजनले सरकारसंग भएको सहमतिअनुसार माग पूरा नभए पुनः आन्दोलन गर्ने चेतावनी दिएको छ।

आरतीकी आमा निर्मलादेवी साह र उनका दाई प्रेम साहले एक विज्ञप्ति जारी गर्दै न्यायिक संघर्षमा भएको सहमतिअनुसार सरकारले इमान्दारीपूर्वक कारबाही प्रक्रिया अघि बढाउन आग्रह गरेका छन् ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'आरती साहको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै १० महिनादेखि परिवारका सदस्यहरूले संघर्ष गर्दै आइरहेका थिए । २९ फागुनमा गृह मन्त्रालय र पीडित परिवारबीच ५ बुँदे सहमति भएपछि संघर्षका कार्यक्रम स्थगित गरिएको थियो ।'

सम्झौतामा उच्चस्तरीय छानबिन गरी पुरक प्रतिवेदन तयार पार्ने उल्लेख पनि गरेको छ । छानबिन सुरू नहुँदै आरोपिलाई धरौटीमा छोड्ने निर्णयप्रति पीडित परिवारले आपत्ति जनाएको छ।

गत जेठ ७ गते जनकपुरधाम उपमहानगरपालिका-९ स्थित ब्रह्मपुरी चोकमा रहेको घरमा आरती मृत अवस्थामा फेला परेकी थिइन्।धनुषाप्रहरीलेघटनाशंकास्पद रहेको भन्दै जनकपुरधामको काव्या अस्पतालबाट आरतीको शव नियन्त्रणमा लिएको थियो । भने माइतीपक्षले आरतीको हत्या भएको भन्दै पति र ससुरासमेतको विरुद्ध उजुरी दिएको थियो।

महानगरले सडक किनारका भौतिक संरचना भत्काउँदै

टुडे समाचारदाता

वीरगंज । वीरगञ्ज महानगरपालिकाले अतिक्रमित सार्वजनिक जग्गा खोज्ने र सडक क्षेत्रका भौतिक संरचना हटाउने अभियानलाई तीव्रता दिएको छ । महानगरपालिकाले अनधिकृत संरचनाले सडक विस्तारमा अवरोध भएपछि सो अभियानलाई तीव्रता दिँदै घरटहरासमेतलाई हटाइएको छ।

महानगरपालिकाले क्षेत्रभित्र सार्वजनिक पोखरी तथा जग्गा अतिक्रमण गर्ने र सार्वजनिक जग्गामा भौतिक संरचना निर्माण गर्ने प्रवृत्ति बढेसँगै सो अभियानलाई अघि बढाएको छ।

महानगरपालिकाको बगहीबाट मुसैली बसडिल्वा, बकनेर हुँदै पर्सागढी नगरपालिका-३ को पारस चोकसम्म करिब सात किलोमिटर पक्की सडक निर्माणाधीन छ । सडक क्षेत्रमा परेको भौतिक संरचना हटाउन पटकपटक सूचना जारी गरे पनि लामो समयसम्म नहटाएपछि महानगरपालिकाले टहरा हटाएको छ।

यसअघि हुलाकी सडकअन्तर्गत वीरगञ्ज महानगरपालिका- १५ स्थित प्रतिमा चोकमा अतिक्रमण गरी बनाइएका संरचना हटाइएको थियो। केही स्थानीयले सडक अतिक्रमण गरेर संरचना बनाएका कारण हुलाकी सडक निर्माण अवरुद्ध भएपछि सो संरचना भत्काइएको थियो।

वीरगंज महानगरपालिका
२०७४

अतिक्रमित सार्वजनिक जग्गा खोज्ने र सडक क्षेत्रमा निर्माणाधीन भौतिक संरचना हटाउने अभियानलाई निरन्तरता दिएको महानगरपालिकाले अभियानकै क्रममा हालसम्म महानगर क्षेत्रका २८ वटा सार्वजनिक पोखरी तथा एक सय ४८ बिघाभन्दा बढी जग्गा आफ्नो स्वामित्वमा ल्याएको वीरगञ्ज महानगरपालिकाले जनाएको छ ।

प्रतिमा चोकबाट कलैयातर्फ जाने करिब एक सय ५० मिटर लामो सडकखण्ड निर्माणको ठेक्का अभि कन्सट्रक्सनले पाएको छ। उक्त खण्ड ६९ लाख १५ हजार रुपैयाँमा हुलाकी सडककै मापदण्डअनुसार आगामी जेठ ३० गतेसम्म सम्पन्न गर्ने गरी सम्झौता भएको छ।

अतिक्रमित सार्वजनिक जग्गा खोज्ने र सडक क्षेत्रमा निर्माणाधीन भौतिक संरचना हटाउने अभियानलाई निरन्तरता दिएको महानगरपालिकाले अभियानकै क्रममा हालसम्म महानगर क्षेत्रका २८ वटा सार्वजनिक पोखरी तथा एक सय ४८ बिघाभन्दा बढी जग्गा आफ्नो स्वामित्वमा ल्याएको वीरगञ्ज महानगरपालिकाले जनाएको छ।

सो अभियानका क्रममा वडा नं. १७ मा आठ, वडा नं. २६ मा चार, वडा नं. १८ मा २०, २४ मा २८, २९ र ३० नं. वडामा दुई-दुईवटा र वडा नं. १९ र २३ मा एक-एकवटा सार्वजनिक पोखरी महानगरपालिकाको नाममा लगत कायम गरिएको महानगरपालिकाले जनाएको छ। सार्वजनिक पोखरी रहेको १९ बिघा सात कठ्ठा जग्गा पहिचान गरी महानगरपालिकाको अधिनमा ल्याइएको छ।

महानगर क्षेत्रका सार्वजनिक पोखरी, उद्यान, मठमन्दिरलगायत क्षेत्र अतिक्रमण गरी स्थानीयले भौतिक संरचना निर्माणका साथै त्यसलाई खेतबारीका रुपमा उपभोग गर्दै आएका छन् ।

विभिन्न वडामा सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने, खेतबारीका रूपमा उपभोग गर्ने, सार्वजनिक पोखरी व्यक्तिगत रूपमा उपभोग गर्नेजस्ता प्रवृत्ति बढ्दै गएपछि महानगरले अतिक्रमित जग्गा खोज्ने अभियान जारी राखेको वीरगञ्ज महानगरपालिकाले जनाएको छ । अतिक्रमित जग्गा खोज्न र नापजाँच गरेर सार्वजनिक र निजी जग्गा छुट्याउन महानगरपालिकाले विभिन्न वडामा प्राविधिक टोली पनि परिचालन गरेको छ।

महानगरपालिकाले वडा नं ३० बेलबामा स्थानीय केहीले अतिक्रमण गरेर उपभोग गर्दै आएको ३२ बिघा जग्गा आफ्नो स्वामित्वमा ल्याएर सामूहिक कृषिखेतीका लागि प्रयास गरिरहेको छ । वडा नं १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा स्थानीयले अतिक्रमण गरी उपभोग गर्दै आएको १० बिघा १८ कठ्ठा जग्गा महानगरले आफ्नो स्वामित्वमा ल्याएइको छ।

केही दिनअघि वीरगञ्ज महानगरपालिकाले आदर्शनगरस्थित 'चिल्ड्रेन पार्क'को जग्गामा स्थानीयले निर्माण गरेका संरचनासमेत हटाइएको थियो।

हुण्डी कारोबारको आरोपमा दुई पक्राउ

टुडे समाचारदाता

बारा।हुण्डीकारोबारमासंलग्न रहेको आरोपमा बारा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरुमा पर्साको पोखरिया नगरपालिका वडा नम्बर १ स्थित बनकटवा बस्ने ३४ वर्षीय हरिकिशोर पटेल र बारा जिल्ला महागढीमाई नगरपालिका वडा नम्बर १ बस्ने ४२ वर्षीय रमेश प्रसाद कुशवाहा रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए।

विशेष सुचनाको अधारमा भारतबाट स्रोत नखुलेको १३ लाख ५० हजार नेपाली रुपैयाँ लिएर आइरहेको सूचना पाए पछि जिल्ला प्रहरी कार्यालय बाराबाट खटेको प्रहरी टोलीले विश्रामपुर गाँउपालिका वडा नम्बर ४ मुसहर्वा स्थित सडकबाट सो पैसा ओसारपोसार गरिरहेको अवस्थामा पटेललाई पक्राउ गरिएको प्रवक्ता न्यौपानेले बताए।

आरोपित पटेल सवार २-०३-०१६ प २३३७ नम्बरको मोटरसाइकल समेत नियन्त्रण गरिएको उनले बताए। आरोपित पटेलको बयानबाट आरके मनी चेन्जर बरियारपुरका संचालक रमेश कुशवाहालाई पक्राउ गरिएको उनले बताए।

पक्राउ परेका आरोपितहरु पछिल्लो दुई दिनमा करिब ८ करोड रुपैयाँको काम हुन्डी कारोबार मार्फत नेपालमा ल्याएको प्रहरीको अनुसन्धानबाट खुल्न आएको प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताए।

घटनामा संलग्न भएका अरुको पनि खोजतलास भइरहेको उनले बताए। पक्राउ परेका आरोपितलाई बारा जिल्ला अदालतबाट म्याद थमाई थप अनुसन्धान भइरहेको उनले बताए।

कृषिमा आयकर लगाउँदा किसान चिन्तित

टुडे समाचारदाता

जनकपुरधाम । मुलुकमा आर्थिक मन्दीका कारण व्यापार व्यवसाय सुस्त रहेको अवस्थामा मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि कृषिमा लगाएको आय करले किसानहरु थप मर्कामा परेका छन् ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष ०८०/०८१ को आर्थिक ऐनको अनुसूची ५ को दफा ७ को उपदफा २ मा पहिलो पटक कृषिमा आयकर लगाएको छ।

उक्त ऐन अनुसार प्रदेश सरकारले वार्षिक १० लाखदेखि २० लाख रुपैयाँको आयमा कर नलाग्ने र १० लाखदेखि २० लाख सम्ममा १ प्रतिशत कृषि आयकर लाग्ने उल्लेख गरेको छ।

त्यसैगरी, २० लाखदेखि ५० लाख सम्ममा १ रुपैयाँ ५० पैसा र ५० लाखदेखि माथि जतिसुकै भएको खण्डमा २ प्रतिशत आयकर लाग्ने आर्थिक ऐनमा व्यवस्था गरेको छ । एकातिर प्रदेश सरकारले कृषि क्षेत्रमा विनियोजन गरिने अधिकांश बजेट वर्षेनि फ्रिज भई किसानको आयस्तरमा वृद्धि हुन सकिरहेको छैन । भने अर्कोतर्फ सरकारले कृषिमा आयकर लगाएर प्रदेशमा कृषकहरुलाई थप समस्यामा पारेको किसान ललन पण्डितको आरोप छ।

मधेश प्रदेशमा कृषिको लागि उर्वरभूमि भए पनि बिना कुनै योजना र दिर्घकालीन योजनाको अभावमा अझै पनि किसान अकाशे खेती गर्न बाध्य रहेको बताउँदै जनकपुरधाम-२१ कुर्थाका किसान ललन पण्डितले भने, 'मुलुक संघीय व्यवस्थामा गएपछि विकास हुन्छ भनेर जनतालाई सपना देखाइयो ।'

अन्य प्रदेशहरुले अझै कृषिमा आयकर नलगाएको अवस्थामा मधेश प्रदेश सरकारले कृषिमा आयकर लगाएर किसानलाई झन मर्कामा पारेको उनले भने।

ध्वनि प्रदूषण नियन्त्रणका लागि अग्रसरता

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारलेध्वनिप्रदूषणनियन्त्रणका लागि अग्रसरता देखाएको छ।

प्रदेशमा हुने गरेको विभिन्न खालका कार्यक्रममा चर्को आवाजमा डिजेलगायतका साउण्ड सिस्टमले ध्वनि प्रदूषण भइ स्वास्थ्यमा प्रतिकूल असर परिरहेको जनगुनासोलाई दृष्टिगत गरी सरकारले अग्रसरता देखाएको छ।

जनकपुरधाममा मंगलबार प्रदेश सुरक्षा समन्वय समितिको बैठकले ध्वनि प्रदूषणले विभिन्न खालका समस्याहरु सृजना गर्ने गरेको ठहर गर्दै नियन्त्रणका लागि हरेक पक्षबाट समन्वय र सहयोगको अपेक्षा समेत गरेको छ । सो समितिका अध्यक्ष एवम् गृह,सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले जनताको गुनासोलाई सम्बोधन गर्दै तत्काल ध्वनि प्रदूषण नियन्त्रण गर्नका लागि सुरक्षा निकायका प्रमुखहरुलाई बैठकमा निर्देशन दिएका छन् ।

बैठकमा जनताले गरेका गुनासाहरु सुनाँउदै मन्त्री लेखीले ध्वनी प्रदूषणका कारण हृदयका रोगीहरुलाई विभिन्न खालका समस्या हुनुको साथ साथै एसइईका परीक्षार्थीहरुलाई पठन पाठनमा समेत समस्या भइरहेकोले नियन्त्रणका लागि आवश्यक पहलका लागि मन्त्रालय मातहतका निकायहरुलाई निर्देशन दिए।

सो बैठकबाट ध्वनि प्रदूषण रोक्नका लागि प्रदेशभरीका जिल्ला प्रशासन कार्यालय, चारवटै सुरक्षा निकाय र प्रदेशभरीका स्थानीय तहलाई पत्र पठाउने निणर्यसहित पत्र पठाइएको गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले जानकारी दिए। मन्त्रालयले गरेको निणर्यलाई अटेर गर्नेलाई कानुन अनुसारको कारबाही प्रक्रिया अगाडि बढाइने समेत बताइएको छ।

किर्ते गरेको आरोपमा दुई पक्राउ

टुडे समाचारदाता

राजविराज । नगरपालिकाको लेटरप्याड, छाप तयार गरी नक्कली सिफारिस पत्र बनाएर ठगी गरेको आरोपमा प्रहरीले २ जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाविरुद्ध सप्तरी प्रहरीले सरकारी छाप दस्तखत किर्ते मुद्दा चलाएको छ।

खडक नगरपालिकाको नक्कली लेटरप्याड, छाप र नगर प्रमुखको किर्ते हस्ताक्षरसमेत गरी सिफारिस पत्र बनाएर सरकारी संस्थानबाट मलखाद्य खरिद र विक्री गरी ठगी गरेको आरोपमा पक्राउ परेका सोही नगरपालिका ११ बस्ने ४३ वर्षीय विरेन्द्र कुमार साह र ४० वर्षीय राम प्रकाश शरण चौधरीलाई पक्राउ गरी प्रहरीले सरकारी छाप दस्तखत किर्ते मुद्दा चलाएको छ।

आरोपित साह सोही नगरपालिकाका उपमेयर रीता कुमारी चौधरीको सहयोगीको रुपमा नगरपालिकामा काम गर्दै आएका कर्मचारी हुन् भने चौधरी मलखाद विक्री गर्ने एक सरकारी संस्थाका संचालक हुन्। आरोपित दुबै जनाको मिलेमतोमा उक्त किर्ते र ठगी काम भएको प्रहरीको भनाइ छ।

प्रहरीले पक्राउ गरी मुद्दा चलाएपछि आरोपित साहलाई निलम्बनको तयारी गरिएको मेयर जयप्रकाश चौधरीले बताए । आरोपितसाहलेनक्कलीलेटरप्याड, छाप र चलानी नम्बर मात्र नभई आफ्नो हस्ताक्षर समेत किर्ते गरी नक्कली सिफारिस पत्रको आधारमा सरकारी संस्थानबाट १ सय २२ बोरा मल खाद्य खरिद गरी विक्री गरेको जानकारी प्राप्त भएको मेयर चौधरीले बताए।

नक्कली सिफारिस पत्र मार्फत वडा नम्बर ४ का लागि सरकारी संस्थानबाट प्राप्त गरेको उक्त मलखाद्य आफ्नै वडा नं. ११ मा लगेर विक्री गरेको समेत आफुलाई जानकारी प्राप्त भएको उनको भनाइ छ । २ दिन अघि पक्राउ परेका उनीहरुमाथी सरकारी छाप दस्तखत किर्ते मुद्दामा सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गराई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

योजना बाँडफाँट र जनप्रतिनिधिविरुद्धमा मुद्दा दर्ताबारे चासो

सप्तरी जिल्ला अदालत
राजविराज
SAPTARI DISTRICT COURT

टुडे समाचारदाता

राजविराज । विकासीय योजनाको बाँडफाँट तथा जनप्रतिनिधिमाथि गरिएको मुद्दा दर्तालगायतका कारणले उत्पन्न विवाद समाधानका लागि पालिका प्रमुखहरुले चासो देखाएका छन् ।

राजविराजमा मंगलबार जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा बसेको बैठकले यस्तो चासो देखाउँदै समस्या समाधानका लागि आवश्यक पहल गर्ने निर्णय गरेका छन् ।

सो बैठकले रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवको मानमर्दन हुने गरी स्थानीय केही व्यक्तिले प्रहरीमा उनी विरुद्ध कुटपिट र लुटपाटको उजुरी दिएको ठहर गर्दै न्यायका लागि आवश्यक पहल गर्ने निर्णय गरेको छ।

राजनैतिक पूर्वाग्रहको आधारमा अध्यक्ष यादवको मानमर्दन र चरित्र हत्या गर्ने मनसायले केही विपक्षीले दिएको झुठो उजुरी प्रहरीमा दर्ता भएको भन्दै बैठकले सत्यतथ्य छानबिनको माग समेत गरेको छ।

सो बैठकमा सहभागी रुपनी गाउँपालिकाका अध्यक्ष यादवले आफूमाथि लगाइएको आरोप विल्कुलै निराधार रहेको दाबी गर्दै सो बारे छानबिनको माग गर्दै आफूले त्यसमा साथ दिने प्रतिबद्धता व्यक्त गरेको जनाए। यस्तै बैठकले विकासीय कार्यालयहरुबाट बाँडिने योजनाका पत्रहरु विचोलिया मार्फत नभई सोझै सम्बन्धित पालिकाहरु मार्फत वितरण गरिनु पर्ने माग गरेको छ।

सो बैठकले हाल केही विकासीय कार्यालयहरुमा योजना बाँडफाँट र सेवा प्रवाहको विषयलाई लिएर उत्पन्न विवाद समाधानका लागि सबै मिलेर पहल गर्ने तथा चैत २१ गते बुधबार सरोकारवाला समेतलाई राखी बृहत बैठक बस्ने निर्णय गरेको जिल्ला समन्वय समिति सप्तरीले जनाएको छ।



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८